# अन्तिम लेखापरीक्षण प्रतिवेदन

मानेभञ्ज्याङ गाउँपालिका

ओखलढुङ्गा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय


काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## मानेभञ्ज्याङ गाउँपालिका

## ओखलढुङ्गा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## मानेभञ्ज्याङ गाउँपालिका

## ओखलढुङ्गा

## आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**तोयम राया**

**२०८१ जेष्ठ** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**अनामनगर/बबरमहल, काठमाडौं, नेपाल**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

कोशी प्रदेश

मितिः२०८१।२।१३

प.सं. २०८०।८१

च.नं. ६०

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,
मानेभञ्ज्याङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
ओखलढुंगा ।

१. **कैफियत सहितको राय** - हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. गाउँपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.२ करोड २६ लाख ५९ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा पालिकाबाट कुनै पनि प्रतिक्रिया प्राप्त नभएकोले असुल गर्नुपर्ने रू.११ लाख ८५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने १ करोड रू.११ लाख ९४ हजार, सोधभर्ना लिनुपर्ने रू.११ लाख ८० हजार, नियमित गर्नुपर्ने रू.६९ लाख ३ हजार र पेस्की बाँकी रू.२१ लाख ९७ हजार समेत रू.२ करोड २६ लाख ५९ हजार रहेको छ । यस गाउँपालिकाको गत वर्षसम्म रू.६ करोड ६३ लाख ५६ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रू.८ करोड ८८ लाख ८८ हजार रहेको छ । यस गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३ हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने यस गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा** - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी** - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यस गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(श्रीकुमार राई )
**नायब महालेखापरीक्षक**

# मानेभञ्ज्याङ गाउँपालिका,

# ओखलढुंगा जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रू. हजारमा)

<table>
<tr><th colspan="3">प्रारम्भिक बेरुजु</th><th colspan="3">प्रतिक्रियाबाट फस्योंट</th><th colspan="3">बाँकी बेरुजु</th><th colspan="7">बेरुजु</th></tr>
<tr><th colspan="3"></th><th colspan="3"></th><th colspan="3"></th><th>असुल गर्नु पर्ने</th><th colspan="5">नियमित गर्नुपर्ने</th><th>पेस्की</th></tr>
<tr><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th rowspan="2">असुल गर्नु पर्ने</th><th rowspan="2">अनियमित भएको</th><th rowspan="2">प्रमाण कागजात पेश नभएको</th><th rowspan="2">जिम्मेवारी नसारेको</th><th rowspan="2">सोधभर्ना नलिएको</th><th rowspan="2">जम्मा</th><th rowspan="2">पेस्की</th></tr>
<tr><th>सैद्धान्तिक</th><th>लगती</th><th>सैद्धान्तिक</th><th>लगती</th><th>सैद्धान्तिक</th><th>लगती</th></tr>
<tr><td>७७</td><td>२४१</td><td>२२६५९</td><td>०</td><td>०</td><td>०</td><td>७७</td><td>२४१</td><td>२२६५९</td><td>११८५</td><td>६९०३</td><td>१११९४</td><td>०</td><td>११८०</td><td>१९२७७</td><td>२१९७</td></tr>
</table>

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रू. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्योंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| ओखलढुंगा | ६६३५६ | ० | १२७ | ६६२२९ | ० | २२६५९ | ८८८८८ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

<table>
<tr><th>क्र.सं.</th><th>आर्थिक वर्ष</th><th>बेरुजुको दफा</th><th>छोटकरी व्यहोरा</th><th>सम्परीक्षण भएको रकम</th></tr>
<tr><td></td><td>२०७९।८० (चालु वर्षको)</td><td colspan="2">प्रतिक्रियाबाट बेरुजु फस्योंटको लागि पालिकाबाट अनुरोध भई नआएको</td><td></td></tr>
<tr><td></td><td>चालु वर्षको जम्मा</td><td>-</td><td>-</td><td>-</td></tr>
<tr><td></td><td>गत विगत वर्षतर्फको</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>२०७८।७९</td><td>-</td><td>-</td><td>-</td></tr>
<tr><td></td><td>२०७७।७८</td><td>-</td><td>-</td><td>-</td></tr>
<tr><td>१</td><td>२०७६।७७</td><td>२१.५</td><td>भिमसेन स्थान मा.वि.का शिक्षक सुर्य बहादुर कटुवाललाई बढी भुक्तानी भएको तलब दाखिला भएको</td><td>१७७२९</td></tr>
<tr><td>२</td><td></td><td>२२</td><td>करार शिक्षकलाई चाडपर्व खर्च भुक्तानी भएको असुल गरी वेरुजु दाखिला भएको<br><table><tr><th>विद्यालयको नाम</th><th>शिक्षकको नाम</th><th>रकम</th></tr><tr><td>श्री भिमसेन स्थान मावि</td><td>सुनिता तामाङ्ग</td><td>२६६१०</td></tr><tr><td>श्री भिमसेन स्थान मावि</td><td>इन्द्रमाया तामाङ्ग</td><td>२८२००</td></tr><tr><td>श्री धुसेनी प्रा.वि.</td><td>विद्यादेवी शर्मा</td><td>२६३४४</td></tr><tr><td>श्री राज्य लक्ष्मी मा.वि.</td><td>सविता राई</td><td>२८२००</td></tr><tr><td>जम्मा</td><td></td><td>१०९३५४</td></tr></table></td><td>१०९३५४</td></tr>
<tr><td></td><td>गत विगतको जम्मा</td><td></td><td></td><td>१२७०८३</td></tr>
<tr><td></td><td>कुल जम्मा</td><td></td><td></td><td>१२७०८३</td></tr>
</table>

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

# परिचय

१ **परिचय**

**(क) मानेभञ्ज्याङ गाउँपालिकाको परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ९ वडा रहेको छ भने क्षेत्रफल १४६.६१ वर्ग किलोमिटर तथा १९८८३ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस पालिकाको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।२१ देखि २०८०।५।२३ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको आय-व्ययतर्फ रू.१,१४,०५,२३,५७७।२७ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रू.१,४६,०५३।५३ असुल भई २०८०।६।१२ मा दाखिला भई प्रमाण पेश भएको छ ।

| सि.नं | विवरण | रकम रू. |
|---|---|---|
| **१** | **सामाजिक सुरक्षा** | **१४६०५३.५३** |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## २ वित्तीय विवरणको परीक्षण

२.१ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| विवरण | बजेट | प्राप्ति | जम्मा |
|---|---|---|---|
| **प्राप्ति (क+ख)** | ४७४३९०४११.१ | ४०८९०२७७५.३८ | ४०८९०२७७५.३८ |
| **क. प्राप्ति** | ४६९२४६८३० | ४०१८१९५६१.१४ | ४०१८१९५६१.१४ |
| कर | ९२४२३८३० | ७३५०६२४०.४२ | ७३५०६२४०.४२ |
| अनुदान | ३७११२३००० | ३२३७९२४७९.८ | ३२३७९२४७९.८ |
| संघीय सरकार | ३४४५४७००० | ३०३०९५५९१.८ | ३०३०९५५९१.८ |
| प्रदेश सरकार | २५८७६००० | २०६९६८८८ | २०६९६८८८ |
| अन्तरिक श्रोत | ७००००० | ० | ० |
| अन्य राजस्व | ५७००००० | ४५२०८४०.९२ | ४५२०८४०.९२ |
| ख. अन्य प्राप्ति | ५१४३५८१.१ | ७०८३२१४.२४ | ७०८३२१४.२४ |
| वितरण गर्न बाकी राजस्व | ० | ० | ० |
| कोषहरु | ५१४३५८१.१ | ३३९१८४१.२४ | ३३९१८४१.२४ |
| धरौटी | ० | ३६९१३७३ | ३६९१३७३ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० |
| भुक्तानी (ग+घ) | ५५९२२१४४८.२ | ४२३४६४३५०.७३ | ४२३४६४३५०.७३ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ५५४०७७८६७.१ | ४१९०६०८११.५८ | ४१९०६०८११.५८ |

| | | | |
|---|---|---|---|
| पारिश्रमिक / सुविधा | २१३१५८००० | १८६१९८९३४.५८ | १८६१९८९३४.५८ |
| मालसामान तथा सेवाको उपयोग | ११५७८६००० | ७००२६०६१ | ७००२६०६१ |
| सहायता (Subsidy) | २५६६७००० | २०९९९००६ | २०९९९००६ |
| सामाजिक सुरक्षा | ११४३७००० | ६५८३४१६ | ६५८३४१६ |
| अन्य खर्च | ५७५४०३७.१ | ७४८३७२ | ७४८३७२ |
| गैर वित्तीय सम्पत्ती / पुंजीगत खर्च | १८२२७५८३० | १३४५०५०२२ | १३४५०५०२२ |
| घ. अन्य भूक्तानी | ५१४३५८१.१ | ४४०३५३९.१५ | ४४०३५३९.१५ |
| कोषहरु | ५१४३५८१.१ | ३८२८५३९.१५ | ३८२८५३९.१५ |
| धरौटी | ० | ५७५००० | ५७५००० |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | -८४८३१०३७.१ | -१४५६१५७५.३५ | -१४५६१५७५.३५ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ८९२९०७५८.६७ | ८९२९०७५८.६७ |
| वर्षान्तको बाँकी रकम (ङ + च) | -८४८३१०३७.१ | ७४७२९१८३.३२ | ७४७२९१८३.३२ |
| **बैंक तथा नगद बाँकी** | | **७४७२९१८३.३२** | **७४७२९१८३.३२** |

सैद्धान्तिक बेरुजु

२.२ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रू.९,९६,७६,९५५।- स्थानीय तह प्रशासनिक भवन पूर्वाधार विकास कार्यक्रमको रू.१,५०,००,०००।-, र अन्य रू.६,२६,०००।- समेत गरी रू.११,५३,०२,९५५।- सुत्रमा लेखाङ्कन गरेको छैन । त्यसै गरी कोष तथा लेखा नियन्त्रण कार्यालय, ओखलढुङ्गामा पालिकाको नाममा रहेको धरौटी मौज्दात रू. ११,२५,८३५।- र राजश्व आम्दानी रू.६,६६,८७५।१५ सुत्रमा समावेश भएको छैन । सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२.३ **फरक हिसाब -** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति र भुक्तानीमा रू.

१५,४०,७८,२२५।२० फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं. २७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ८९२९०७५८.६७ | ४०८९०२७७५.३८ | ४२३४६४३५०.७३ | ७४७२९१८३.३२ |
| एकीकृत आर्थिक विवरणअनुसार | ८९२९०७५८.६७ | ५६२९८१०००.५८ | ५७७५४२५७५.९३ | ७४७२९१८३.३२ |
| **फरक** | **०** | **१५४०७८२२५.२०** | **१५४०७८२२५.२०** | **०** |

सैद्धान्तिक बेरुजु

२.४ उल्लेखित तालिका अनुसार सामाजिक सुरक्षा तथा संरक्षणतर्फ रू.९,९६,७६,९५५।-, स्थानीय तह प्रशासनिक पुर्वाधार कार्यक्रमतर्फ रू.१,५०,००,०००।-, गरिबसँग विश्वेश्वर कार्यक्रमतर्फ रू.६,२६,०००।- निकासा तथा खर्च भएको रकम र ससर्त अनुदान फिर्ता रू.३,८७,७५,२७०।२० गरी कुल जम्मा रू.१५,४०,७८,२२५।२० एकीकृत आर्थिक विवरण र सुत्र बिच फरक परेको देखिन्छ।

सैद्धान्तिक बेरुजु

२.५ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसारको बाँकी | बैंक स्टेटमेण्ट अनुसारको बाँकी |
|---|---|---|---|
| १. | आन्तरिक राजश्व खाता | ०.०० | ०.०० |
| २. | बाँडफाँटबाट प्राप्त राजश्व | ०.०० | ०.०० |
| ३. | आन्तरिरक अनुदान खाता | ०.०० | ०.०० |
| ४. | चालु खर्च खाता जोर बर्ष | ०.०० | ०.०० |
| ५. | पुँजीगत खर्च खाता जोर बर्ष | ०.०० | ०.०० |
| ६. | विविध खर्च खाता | ६६३३०२.०९ | ६६३३०२.०९ |
| ७. | स्थानीय तह धरौटी खाता | ५८२४३५४.७१ | ५८२४३५४.७१ |
| ८. | स्थानीय तह संचित कोष खाता | ६७५८९७८६.६६ | ६७५८९७८६.६६ |
| ९. | प्रकोप व्यवस्थापन कोष खाता | ६५१७३९.८६ | ६५१७३९.८६ |
| | **जम्मा** | **७४७२९१८३.३२** | **७४७२९१८३.३२** |

सैद्धान्तिक बेरुजु

३ **अनुदान फिर्ता -** संघीय एवं प्रदेश सरकारको कानुन एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानीकरण वाहेकका निम्नानुसार अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धीत संचितकोषमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले देहाय अनुसार अनुदानको रकम आर्थिक वर्षको अन्त्यमा फिर्ता गरेको छ । आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको मौज्दात रू.३,८७,७५,२७०।२० कोष तथा लेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा इकाइ कार्यालयमा फिर्ता गरेको छ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| संघीय सरकार | ससर्त | २३६१४७००० | २०१८८०८६५.८० | ३४२६६१३४.२० | २०८०।३।२९ |
| | विशेष | ० | ० | ० | |
| | समपुरक | ६०००००० | ५९९४७२६ | ५२७४ | |
| | अन्य | ० | ० | ० | |
| प्रदेश सरकार | ससर्त | १०४७४००० | ७३६८५३१ | ३१०५४६९ | |
| | विशेष | ० | ० | ० | |
| | समपुरक | १०००००००० | ८६०१६०७ | १३९८३९३ | |
| | अन्य | ० | ० | ० | |
| | **जम्मा** | २६२६२१००० | २२३८४५७२९.८० | ३८७७५२७०.२० | ० |

सैद्धान्तिक बेरुजु

४ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छनः

- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन,
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ बमोजिम पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन,

- निजामती सेवा ऐन, २०४९ को दफा ५ क बमोजिम कर्मचारीहरुको कार्य विवरण बनाई लागू गरेको पाईएन,
- निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलबी प्रतिवेदन पारित नगरी खर्च लेखेको पाईयो,
- पालिकाले २०७९।८० को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,
- विषयगत अनुदान तथा उपभोक्ता समितिले गरेको जनसहभागिताको अंशको सम्वन्धमा एकरुपता हुने गरी कार्यविधि निर्माण गरेको छैन,
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन,
- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन,
- दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन,
- वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अद्यावधिक गरेको पाईएन,
- पदाधिकारी एवं कर्मचारीलाई बुझाएको जिन्सी मालसामानको अभिलेख व्यवस्थित गरी राखेको पाईएन,
- जिन्सी निरीक्षण गरेको पाईएन,
- जिन्सी अभिलेखमा सामानको स्पेशिफिकेसन खुलाई आम्दानी बाँध्ने गरेको पाइएन,
- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन,
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईए,
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने अधिकांश सामानको गुणस्तर परीक्षण गरेको पाइएन,
- पालिकाले आयोजना तथा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन,
- योजना तथा कार्यक्रमको अनुगमन प्रतिवेदन व्यवस्थित गरी नराखेको,
- सञ्चालित योजनाको आय-व्यय सूचना पाटीमा सार्वजनिक गर्ने, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन,
- वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन,
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेका पेस्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।

उल्लिखित व्यहोरा सुधार हुने गरी आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **आन्तरिक लेखापरीक्षण -** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । आन्तरिक लेखापरीक्षक नियुक्ती भएको देखिएकोमा समेत ऐनमा तोकेको अवधिमा आन्तरिक लेखापरीक्षण नभएकोले जनशक्ती तथा तलब भत्ताको पुर्ण सदुपयोग नभएको अवस्था रहेको देखिन्छ । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **पालनाको लेखापरीक्षण**

६.१ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६.२ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६.३ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छ । ऐनमा व्यवस्था भए अनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६.४ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।०३।१० मा रू.५० करोड.१६ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।०३।१५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।०४।०३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६.५ **लक्ष्य प्रगति -** कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ।

| कार्यक्रम | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | | |
|---|---|---|---|---|---|---|
| | | शुन्य | २५% सम्म | ५०% सम्म | ७५% सम्म | ७५ %भन्दा बढी |
| समानिकरण र ससर्त पुंजीगत | २२२ | ९ | १ | १ | १ | २१० |

सैद्धान्तिक बेरुजु

६.६ **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ८ वडाको लागि वडागत र पालिकास्तरका कुल २२८ योजनामा बजेट विनियोजन गरेको छ।

| क्र.सं. | कार्यक्रम | योजना सँख्या | रू.२० लाख माथि | रू.५-२०लाख सम्म | रू. ५ लाखभन्दा कम | कार्यान्वियन नभएको |
|---|---|---|---|---|---|---|
| १ | पालिकस्तरीय | १०० | ६ | २७ | ६१ | ७ |
| २ | वडास्तरीय | १२८ | ० | ७ | १२१ | २ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये २१३ योजनामात्र कार्यान्वयन

भई ९ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६.७ **वार्षिक खरिद योजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने, नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू.१३,४५,०५,०२२।- पुँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । पालिकाले वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **खर्च बिश्लेषण -** पालिकाले यस वर्ष कुल आन्तरिक आयबाट रु.५५,३४,८८०।- राजस्व बाँडफाँड र अनुदानबाट रू.३९,६२,८४,६८१।१४ समेत रू.४०,१८,१९,५६१।१४ आम्दानी भएको र गतको मौज्दातवाट समेत चालुतर्फ रू. २८,४५,५५,७८९।- र पुँजीगततर्फ रू.१३,४५,०५,०२२।- रू.४१,९०,६०,८११।- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.३२ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रू.६६,५६,२५०।- खर्च भएको छ जुन आन्तरिक आयको १२०.२६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६७.९० प्रतिशत चालु र ३२.१० प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिम पालिकामा भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

९ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

(रू. हजारमा)

| क्र.सं. | क्षेत्र | बजेट रकम | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४६८८४ | २८२७१ | ६.७५ |
| २ | पूर्वाधार विकास | ७०८२२ | ६११०१ | १४.५८ |

| | | | | |
|---|---|---|---|---|
| ३ | सामाजिक विकास | ३३१७४५ | २६४७७७ | ६३.१८ |
| ४ | बातावरण तथा विकास | ० | ० | ० |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १५५७४ | ८६८७ | २.०७ |
| ६ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | ८९०५३ | ५६२२५ | १३.४२ |
| **जम्मा** | | **५५४०७८** | **४१९०६१** | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास क्षेत्रमामा सबैभन्दा बढी ६३.१८ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र प्रशासनिक क्षेत्र सबै भन्दा घटीमा २.०७ प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

१० **चौमासिक पुँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | |
| पुँजीगत खर्चतर्फ (रू. हजारमा) | १३४५०५ | १०७०३ | ३२५३१ | ९१२७१ | ३५९९८ |
| प्रतिशत | १०० | ७.९६ | २४.१८ | ६७.८६ | २६.७६ |

पालिकाले उपलव्ध गराएको विवरणअनुसार वार्षिक रू.१३,४५,०५,०००।- खर्च भएकोमा प्रथम चौमासिकमा रू.१,०७,०३,०००।-(७.९६ प्रतिशत), दोस्रो चौमासिकमा रू.३,२५,३१,०००।-(२४.१८ प्रतिशत) र तेस्रो चौमासिकमा रू.९,१२,७१,०००।-(६७.८६प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रू.३,५९,९८,०००।-(२६.७६ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरी सोही अनुसार प्रतिवेदन प्रणाली समेत सुधार गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन अद्यावधिक गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## १२ कर्मचारी व्यवस्था

१२.१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ८४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३९ स्थायी र २४ करार गरी ६३ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका शिक्षा अधिकृत, इन्जिनियर, जनस्वास्थ्य अधिकृत सहित २१ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२.२ **आयोगको परामर्श -** प्रदेश र स्थानीय तहको पदमा उपयुक्त उम्मेदवारको छनोटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न प्रदेश लोक सेवा आयोग (आधार तथा मापदण्ड निर्धारण) ऐन जारी भएको छ । उक्त ऐन अनुसार स्थानीय तहबाट निवृत्तभरण पाउने पदको नियुक्ति गर्दा र स्थानीय सरकारी सेवाको पदमा ६ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तता, स्थानीय तहको संगठित संस्थाका कर्मचारीको सेवाका शर्त सम्बन्धी कानुन र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारबाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले अधिकृत छैटौंबाट सातौंमा २ जना र चौथो तहको २ जनालाई पाँचौ तहमा समेत ४ जनालाई आयोगको परामर्श लिई "कर्मचारीको तह बृद्दि गर्न व्यवस्था गरेको कार्यविधि,२०८०" कार्यपालिकावाट २०८०।२।१६ मा पारित गरी बढुवा गरेको छ ।

सैद्धान्तिक बेरुजु

१२.३ **तलबी प्रतिवेदन -** निजामती सेवा ऐन २०४९ को दफा ७(ख) २ मा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ रू.१,४१,८९,२३७।- र पालिकाका चालुमा रू.१,४४,५९,६०३।- समेत रू.२,८६,४८,८४०। खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२.४ **करार कर्मचारी -** स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सिर्जना गर्न नसकिने व्यवस्था छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । कार्यालयले विभिन्न पदमा कर्मचारीहरु करारमा राखी रू.१,७९,३८,२२५।- खर्च गरेको मध्ये स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा उल्लिखित पद वाहेकका कर्मचारी करारमा

नियुक्त गरी तलब भत्ता रू.८६,५७,८२२।- भुक्तानी गरेको पाइयो । कार्यबोझको आधारमा O&M सर्भे गरी गरी कानुन बमोजिम पारदर्शि हिसाबले मात्र कर्मचारी नियुक्ति गर्नुपर्नेमा ऐनको व्यवस्था विपरित नियुक्ति गरी भुक्तानी गर्नु उचित होइन। पालिकाले कार्यवोझको आधारमा दरबन्दी पदपुर्ति व्यवस्थापन गरी सेवा प्रवाह प्रभावकारी वनाउन ऐनको व्यवस्था कार्यान्वयन गर्नु पर्दछ।

| पद | नियुक्ति संख्या | तलब भत्ता रू. |
|---|---|---|
| हे अ | ६ | १९७०१४८ |
| अनमि | ७ | २४०७६७२ |
| अहेव | ११ | ३५९७१६२ |
| सव ईन्जिनियर | १ | ४६१७२६ |
| नाप्रास | १ | २२१११४ |
| **जम्मा** | **२६** | **८६५७८२२** |

सैद्धान्तिक बेरुजु

१२.५ **कर्मचारी कल्याण कोष -** स्थानीय यसरकार सञ्चालन ऐन ,२०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले सो बमोजिम अवकाश कोष स्थापना गरेको देखिएन।

सैद्धान्तिक बेरुजु

१३ **कानुन र न्यायिक समिति**

१३.१ **कानुन र सञ्चालन स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानुनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १० वटा ऐन, २ वटा नियमावली, १७ कार्यविधि लगायत २९ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

सैद्धान्तिक बेरुजु

१३.२ **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यस वर्ष ४० विवाद दर्ता भएकोमा ३० वटा मात्र फस्यौंट भई १० बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **जिन्सीतर्फ**

१४.१ **जिन्सी निरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१४.२ **सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली -** महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

- पालिका तथा मातहतमा रहेका कार्यालय समेतको गत विगत वर्षसम्मका जिन्सी मौज्दात तथा यस वर्ष खरिद भएको जिन्सी समान सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा अद्यावधिक प्रविष्टी गरेको पाइएन ।
- यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन। तोके अनुसार सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) अद्यावधिक गराई जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१५ **आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रू.१६,९९,११०।- आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रू.५५,३४,८८०।- को ३०.६९ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **फोहरमैला व्यवस्थापन -** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **ठेक्का व्यवस्था -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले गरेको खरिद तथा निर्माणको कार्यमा लागत अनुमान भन्दा २४.२२ प्रतिशत सम्म घटीमा कबोल गरेर सम्झौता भएका केही ठेक्का विवरण देहायमा उल्लेख छ ।

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | निर्माण व्यवसायीको नाम र ठेगाना | लागत अनुमान | सम्झौता रकम | घटि प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | ५।७९।८० | घलेगाउँ केतुके खानेपानी योजना | सिमाना निर्माण सेवा प्रा.लि. | ९५३५५३३.७० | ७७४५२६४.६० | १८.७७ |
| २ | ८।७९।८० | | | १९६६६५५.९३ | १९५८२२९.६४ | ०.४३ |
| ३ | ११।०७९।८० | पंखुखोला मोली खानेपानी लिफ्टिङ योजना | सिजनल इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन कन्सल्टेन्सी प्रा.लि. | ८४२६१९५.६६ | ६७९१०५६.३९ | १९.४१ |
| ४ | ९।०७९।८० | | नर्वदा कन्स्ट्रक्सन सेवा | ३६५६३८०.४७ | २७७०८१८.०९ | २४.२२ |

पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा २४.२२ प्रतिशत घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी योजना फरफारक भएको पाइयो । सम्झौता अनुसारको गुणस्तरीय निर्माण गराउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

## १८ पेस्कीतर्फ

१८.१ **पेस्की बाँकी -** आर्थिक कार्यविधितथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेस्की दिने र फस्यौंट गर्ने व्यवस्था रहेको छ । चालु आर्थिक वर्षमा विभिन्न निर्माण व्यवसायी, संस्था र कर्मचारीलाई दिएको रू.११,४७,०५०।- र गत वर्षको रू.१,७३,४३,६८४।- समेत रू.१,८४,९०,७३४।- पेस्की फस्यौंट बाँकी रहेको छ । यस वर्षको म्याद नाघेको पेस्की नियमअनुसार फस्यौंट गर्नुपर्ने रू.

| सि.नं. | पेस्की लिएको मिति | गो. भौ. नं. | पेस्की लिने व्यक्ति, फर्म वा कम्पनीको नाम | जम्मा बाँकी पेस्की | |
|---|---|---|---|---|---|
| | | | | म्याद ननाघेको | म्याद नाघेको |
| १ | २०७९/०८/०९ | १४९ | चम्पा राई | ० | १००००० |
| २ | २०७९/०४/०१ | ३३१ | खानी स्वामी नारायण जे.भी. | ५४८४४०२ | ० |
| ३ | २०७९/०४/०१ | ३३१ | विवस इन्टरनेशनल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ७०००००० | ० |
| ४ | २०७९/०४/०१ | ३३१ | विवसइन्टरनेशनल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ३६१७००० | ० |
| ५ | २०७९/०४/०१ | २३ | श्रीधुसेनी आधारभूत विद्यालय धुसेनी | ५४०००० | ० |
| ६ | २०८०/०३/१७ | ४१६ | अग्नीइन्कर्पोरेटेड प्रा.लि. (जमानत समेत नलिएको) | ० | ९६००५० |
| ७ | २०७९/०४/०१ | २३ | ग्याल्मुझोलुङ्गे पुल उपभोक्ता समिति | ५८८२८२ | ० |
| ८ | २०७९/०४/०१ | ३३१ | खेल मैदानठूलो गाउँ | ११४००० | ० |
| ९ | २०७९/१२/१२ | २०१ | फकुल शाखासडक निर्माण | ० | ५७,०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | ३२ | | चम्पा राई | ० | ३०,०००.०० |
| | | | जम्मा | १७३४३६८४ | ११४७०५० |
| **कुल जम्मा** | | | | | **१८४९०७३४** |

| पेस्की | ११,४७,०५० |
|---|---|

१८.२ बैंक नगदी किताव अनुसार आर्थिक वर्षको अन्यमा रू. १,८९,२२,२३४।- पेस्की फस्यौट गर्न बाँकी रहेकोमा एकीकृत पेस्कीको मास्केबारी अनुसार रू. १,८४,९०,७३४।- पेस्की फस्यौट गर्न बाँकी देखिएको हुँदा रू. ४,३१,५००।- फरक पर्न गएको देखिन्छ । फरक रकम सम्वन्धमा एकिन गरी असुल फस्यौंट गर्नु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

१८.३ एम्बुलेन्स खरिद गर्नका लागि भौ.नं. ४०।०८०।३।१७ मा अग्नि ईन कर्पोरेटेट प्रालिलाई रू.१०,५०,०००।- पेस्की नजनाई खर्च लेखेको हुँदा पेस्की जमानत समेत लिई पेस्की कायम गर्नुपर्ने रू.

| पेस्की | १०,५०,००० |
|---|---|

१८.४ **म्याद ननाघेको पेस्की -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेस्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले गत विगतमा विभिन्न कार्यक्रममा विभिन्न व्यक्ति तथा संस्थालाई दिएको पेस्की रू.१,७३,४३,६८४।- फस्यौंट गर्न वाँकी रहेको छ । पेस्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्यौंट तथा गत विगतका पेस्कीको समेत एकीकृत हिसाव कायम गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

## १९ आन्तरिक आयतर्फ

१९.१ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रू.७० लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रू.५५,३४,८८०।- अर्थात अनुमान भन्दा २०.९३ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१९.२ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २९१०९२६७७ | ५५३४८८० | १.९० |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.९० प्रतिशत मात्र रहेको छ । पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१९.३ **कर तथा शुल्क असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| राजस्व शीर्षक | अनुमानित बजेट | प्राप्त रकम रू. |
|---|---|---|
| ११३१४ भुमिकर/मालपोत | ४०००० | ४९२९३३.५६ |
| ११३२१ वहाल कर | ४०००० | २९०५४३ |
| ११६९१ अन्य कर | ५०००० | २३०५६३ |
| १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | १०००००० | ६३०४७० |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | १००००० | ३३९००० |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | २०००००० | १३८८४५० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | २००००० | ३५२६४९.०५ |
| १४२४३ सिफारिश दस्तुर | ३००००० | २९३३६८ |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | १५०००० | १४८५०० |
| १४२४५ नाता प्रमाणित दस्तुर | १५०००० | १४६८०० |
| १४२४९ अन्य दस्तुर | ० | ० |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | ३००००० | २०६५७६.०१ |
| १४५२९ अन्य राजस्व | १५००००० | १०१५०२७.८६ |
| जम्मा आन्तरिक राजस्व | ७०००००० | ५५३४८८०.४८ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

१९.४ **आन्तरिक राजश्व -** कार्यालयले छपाईको निर्णय सहित छपाई भएको आम्दानी रसिद प्रयोग सम्वन्धमा रसिद नियन्त्रण खाता तयार गरेर नेपालको सरकारी लेखा फारामहरु २०७६ अनुसार कार्यालयले राजश्व आम्दानीको शीर्षकगत खाता (म.ले.प.फा.नं. १०४), दैनिक गोश्वारा खाता (म.ले.प.फा.नं.१०५), दैनिक नगद प्राप्त गोश्वरा खाता (म.ले.प.फा.नं. १०६), दैनिक वैंक भौचर प्राप्त गोश्वारा खाता (म.ले.प.फा.नं. १०७), राजस्व/आम्दानीको लगत र असुली प्रतिवेदन(म.ले.प.फा.नं. ११३) लगायत राजस्व आम्दानीको स्रेस्ता खडा गरी आर्थिक विवरण तयार गर्नु पर्छ । कार्यालयले रसिद नियन्त्रण खाता सहित नेपालको सरकारी लेखा फारामहरु २०७६ मा समावेश राजश्व सम्वन्धि म.ले.प. फारमहरु प्रयोग गरी प्राप्त आम्दानीको गोश्वारा भौचर सहित आर्थिक विवरण तयार नगरी ३ गौश्वारा भौचरवाट एकमुष्ठ रू. ५५,३४,८८०।४८ आम्दानी वाधेको देखियो । कार्यालयले रसिद नियन्त्रण खाता सहित नेपालको सरकारी लेखा फारामहरु २०७६ मा समावेश राजश्व सम्वन्धि म.ले.प. फारमहरु प्रयोग नगरेको र प्राप्त हुनु पर्ने र प्राप्त गरेको राजश्व सम्वन्धमा परीक्षण भिडान गर्ने आन्तरिक नियन्त्रण पद्धति नभएकोले राजश्व सम्वन्धमा एकिन हुन सकिएन । नेपालको सरकारी लेखा फारामहरु, २०७६ अनुसार राजश्व सम्वन्धी मलेप फारमको अनिवार्य प्रयोग गरी राजश्व अभिलेख, भिडान तथा प्रतिवेदन प्रणाली व्यवस्थित गर्नु पर्दछ ।

| क्र.सं. | गो.भौ.नं. | राजश्व आम्दानी |
|---|---|---|
| १ | १।०८०।२।२२ बैसाख-२८ सम्मको आन्तरिक राजश्व आम्दानी बाँधिएको | २४३६४१७.४७ |
| २ | ३।०८०।३।२९ आन्तरिक राजश्व आम्दानी प्राप्त | ३०८९४६३.०१ |
| ३ | ५।०८०।३।३० घरवहार कर वापतको आम्दानी | ९००० |
| | **जम्मा** | **५५३४८८०.४८** |

सैद्धान्तिक बेरुजु

१९.५ **राजश्व अभिलेख -** कार्यालयले यस वर्ष रू.५५,३४,८८०।४८ आन्तरिक आम्दानी प्राप्त गरेको छ । राजस्वको अभिलेख अद्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । गत आर्थिक वर्षको वाँकी यस वर्षको छपाई तथा प्रयोग, मौज्दात रसिद र राजश्व प्राप्ति तथा दाखिला सम्वन्धमा कार्यालयले नियन्त्रण प्रणाली वनाई तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१९.६ **निरीक्षण नभएको -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हसवली राजस्वको लेखा रहे नरहेको निरीक्षण गरी सो को अभिलेख अद्यावधिक गर्न लगाउनु पर्नेमा सो अनुसार गरेको पाईएन । कार्यालयमा प्राप्त हुनुपर्ने सबै राजस्व प्राप्ति भई कानुनी प्रकृया पुरा गरी समयमै दाखिला भएको छ भन्ने अवस्था रहेन । अतः प्रकृयामा सुधार हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१९.७ **व्यवसाय कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले व्यवसाय कर संकलन गरेको अद्यावधिक विवरण पेश गरेको छैन ।पालिकाको क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१९.८ **आय ठेक्का व्यवस्थापन -** नदि तथा खनिजजन्य वस्तु उत्खनन एवं प्रयोग गर्न वातावरणिय प्रभाव मुल्याङ्कन लगायत अध्ययन गरी परिमाण एकिन गरेर प्रतिष्पर्धात्मक रुपमा आय ठेक्का व्यवस्थापन गर्नु पर्दछ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा सो अनुसार अध्ययन गरी आय ठेक्का व्यवस्थापन गरेको सम्वन्धमा लेखापरीक्षणमा पेश भएको छैन । पालिकाले यस वर्ष रू. ५५,३४,८८०।- आन्तरिक आम्दानी प्राप्त गरेकोमा नदि, वन तथा खनिजजन्य वस्तु निकासी वापत प्राप्त गरेको आम्दानी खुलेको छैन । लेखापरीक्षणको क्रममा परीक्षण गरिएको वडा नं. १ को कार्यालयले पिप्ले क्रसर मार्फत रसिदबाट रू. १४,१७,९५०।- आम्दानी प्राप्त गरेको देखिएको छ । नदि, वन तथा खनिजजन्य वस्तुको परिमाण र दर निर्धारण गरी आम्दानी प्राप्त भएको सम्वन्धमा पुष्ट्याँई हुने प्रमाण लेखापरीक्षणको क्रममा पेश नभएकोले आम्दानी सम्वन्धमा एकिन हुने अवस्था रहेन । पालिकाले उपयुक्त अध्ययन गरी परिमाण तथा दर निर्धारण गरी आय ठेक्का व्यवस्थान गरी आम्दानी प्राप्त गर्नु पर्ने देखिन्छ।

| सैद्धान्तिक बेरुजु |
|---|

१९.९ **राजस्व असुली -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षणको क्रममा नमुना छनौटको आधारमा परीक्षण गरिएको वडा नं. १ को राजश्व असुली अनुसार कार्यालयले पिप्ले क्रसरसँग रू.१४,१७,९५०।- आम्दानी प्राप्त गरेको देखिएको छ । नगदी रसिद अनुसार रू.१४,१७,९५०।- असुली भएकोमा रू.१३,८८,५५०।- मात्र दाखिला भएको पाइएकोले बाँकी रकम दाखिला गर्नुपर्ने रू.

| क्र. सं. | वडा नं | विवरण | असुली रू. | दाखिला रू. | दाखिला गर्न बाँकी |
|---|---|---|---|---|---|
| १ | १ | पिप्ले क्रसर | १४१७९५० | १३८८५५० | २९४०० |

| असुल गर्नुपर्ने | २९,४०० |
|---|---|

१९.१० **राजश्व व्यवस्थापन सफ्टवेयर -** महालेखा नियन्त्रक कार्यालयलको चलानी नं. ७४।२०८०।१।३ को पत्रानुसार स्थानीय तहमा स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र)को राजश्व व्यवस्थापन सम्वन्धि मोडल सञ्चालन गर्ने गरी परिपत्र भए अनुसार कर्मचारी क्षमता विकास सहित आर्थिक वर्ष २०८०।८१ देखि सञ्चालनमा रहेको छ । आर्थिक वर्ष २०७९।८० मा गाउँपालिकाबाट विनियोजित रू. ७ लाख मध्ये गोश्वारा भौचर नं. ४६१।०८०।२।२३ वाट रू.७,००,०००।- मा नेटवर्क एसोसिएट्स प्रालिसँग राजश्व व्यवस्थापन सम्वन्धी सफ्टवेयर खरिद भएको छ । उक्त सफ्टवेयर आर्थिक वर्ष २०८०।८१ देखि प्रयोग हुने अवस्था रहेको देखिदैन । स्थानीय तहका नीतिगत तथा दीर्घकालीन प्रकृतिसँग सम्बन्धित विषयका सम्वन्धमा तत्कालै खर्च गर्ने तथा निर्णय गर्ने अवस्थाका सम्बन्धमा नियन्त्रण गरी स्रोत साधनको समुचित प्रयोगको सुनिश्चितता गर्न गाउँपालिकाले ध्यान दिनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२० **सम्झौता कार्यान्वयन -** कार्यालय र स्विफ्ट नेट प्रा.लि.बिच २०७९।९।१० मा भएको करार सम्झौताको दफा १(ङ) बमोजिम स्विफ्ट नेट प्रा.लि.ले पालिकाबाट प्राप्त गर्ने ईन्टरनेट शुल्क रकम मध्ये ५३ प्रतिशत एरोनेट प्रा.लि.मा जम्मा गरीसके पछि बाँकी ४७ प्रतिशत रकम (१० प्रतिशत सेवा कर र १३ प्रतिशत मू. अ. कर बाहेकको) को ४५ प्रतिशत रकम गाउँपालिकालाई उपलव्ध गराउने व्यवस्था छ । यस वर्ष वडा कार्यालय ६, ७, ८ र ९ मा नेट विस्तार गरे वापतभौचर नं २७३।०७९।१२।२४ मा स्विफ्ट नेट प्रा.लि.लाई रू. ७,८८,९६६।- भुक्तानी भएको छ । पालिकाले सम्झौता बमोजिम स्विफ्ट नेट प्रालिसँग लेखापरीक्षण अवधिसम्म छुट रकम नलिएको हुँदा सम्झौताको कार्यान्वयन हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२१ **सहकारी नियमन -** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ३१ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२२ **चालु**

२२.१ स्थानीय सरकार संचालन ऐन, २०७४ तथा पदाधिकारी सेवा सुविधा ऐन, २०७५ र संशोधन २०७६ मा पदाधिकारीले स्थानीय तहमा अनुगमन गरे मासिक सुविधा वापत अनुगमन खर्च मासिक अनुगमन प्रतिवेदन पेश गरेर मात्र खर्च लेख्न सक्ने व्यवस्था रहेको छ । अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्ष र कार्यपालिका सदस्यलाई अनुगमन प्रतिवेदन समावेश नगरी रू. ७,९२,०००।- अनुगमन भत्ता भुक्तानी भएको देखिन्छ । ऐनको व्यवस्था बमोजिम अनुगमन प्रतिवेदन समावेश गरी भुक्तानी दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२२.२ **यातायात खर्च -** गाउँ तथा नगरसभा सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५ को दफा ७(३)मा उपदफा १ र २ बमोजिम सवारी साधन प्राप्त गर्ने सदस्यलाई यातायात सुविधा भुक्तानी गर्ने व्यवस्था छैन । पालिकाले सवारी साधन उपलव्ध गराएका निम्न पदाधिकारीलाई अन्य यातायात खर्च कर कट्टि पश्चात रू.३,९०,४५६।- भुक्तानी भएको देखिएको छ । दोहोरो सुविधा दिएको हुँदा यातायात खर्च असुल गर्नु पर्ने रू. .

| पद | नाम | मासिक रकम | कुल जम्मा |
|---|---|---|---|
| वडाअध्यक्ष | राम कुमार राई | ४००० | ४७५२० |
| वडाअध्यक्ष | भिम बहादुर बलमपाखी | ४००० | ४७५२० |
| वडाअध्यक्ष | विष्णु तामाङ्ग | ४००० | ४७५२० |

| | | | |
|---|---|---|---|
| वडाअध्यक्ष | बिष्णु प्रसाद गौतम | ४००० | ४७५२० |
| वडाअध्यक्ष | जितेन्द्र राई | ४००० | ४७५२० |
| वडाअध्यक्ष | पुर्ण बहादुर मगर | ४००० | ४७५२० |
| वडाअध्यक्ष | हेमराज राई | ४००० | ४७५२० |
| वडाअध्यक्ष | राज कुमार रुम्दाली | ४००० | ४७५२० |
| वडा अध्यक्ष | राम मणी राई (२०७९।१२।१३वाट) | ४००० | १०२९६ |
| **जम्मा** | | | **३९०४५६** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,९०,४५६ |

२२.३ **स्थानीय भत्ता -** सामान्य प्रशासन मन्त्रालयको च.न २१७ मिति २०७४।१।२५ को परिपत्र अनुसार करारमा कार्यरत कर्मचारिलाई स्थानीय भत्ता दिन मिल्ने देखिदैन । सूचना प्रविधि अधिकृत विपिन कार्कीलाई यस वर्ष रू.४७,०४०।- स्थानीय भत्ता भुक्तानी दिएको हुँदा पालिकालाई थप व्ययभार परेको रू.

| | |
|---|---|
| अनियमित भएको | ४७,०४० |

२२.४ **महङ्गी भत्ता -** सामान्य प्रशासन मन्त्रालयको च.न २१७ मिति २०७४।१।२५ को परिपत्र अनुसार करारमा कार्यरत कर्मचारिलाई महङ्गी भत्ता दिन मिल्ने देखिदैन । पालिकामा करार तर्फ सूचना प्रविधि अधिकृत १, असई १, जेसिभि अपरेटर १, हलुका सवारी चालक २, चौकीदार १, कार्यालय सहयोगी ११ समेत १७ जनालाई रू.३,८६,०००।- महँगी भत्ता भुक्तानी दिएको हुँदा उक्त खर्च एकिन गरी असुल उपर गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,८६,००० |

२३ **नाफामूलक संस्थालाई अनुदान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । यो वर्ष सहकारी संस्थालाई फर्निचर वापत अनुदान दिएको नियमसम्मत नदेखिएको रू.

| क्र. सं. | अनुदान प्राप्त गर्ने संस्था | अनुदान व्यहोरा | अनुदान रू. |
|---|---|---|---|
| १ | जनसेवी वचत तथा श्रण सहकारी संस्था लि | फर्निचर खरिद ३२३।०८०।१।१९ | २००००० |

| | |
|---|---|
| अनियमित भएको | २,००,००० |

२४ **विविध तथा मर्मततर्फ**

२४.१ **भ्रमण खर्च -** भ्रमण खर्चनियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्वन्धित कार्यालयले भ्रमण आदेश नं, भ्रमणमा खटिनेको नाम र दर्जा , खटिएको स्थान, मिति समेत खुल्ने स्थान र

बस । जिपको टिकट समेत गरी अनुसुचि ६ बमोजिमको ढाँचामा कार्यालय प्रमुखबाट प्रमाणित गरी भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले बिश्वसनिय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था समेत गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष अनुगमन तथा भ्रमण खर्चमा रू.२५ लाख ७४ हजार खर्च गरेकोमा भ्रमण अभिलेख खाता प्रमाणित र अनुगमन प्रतिवेदन राखेको पाईएन । भ्रमण पश्चात अनिवार्य रुपमा कामको व्यहोरा खुलेको अनुगमन प्रतिवेदन राख्ने तथा आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था समेत गरी नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२४.२ **विविध खर्च -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्दछ । कार्यालयले यो वर्ष विविध खर्चतर्फ रू.१९ लाख ५६ हजार खर्च गरेको छ । पालिकाले उपलव्ध गराएको सेवा प्रवाहसँग प्रत्यक्ष समवन्धित हुने गरी कार्यक्रम सञ्चालन कार्यविधि तथा मापदण्ड तयार नगरी विविध खर्च गरेको छ । कार्यक्रम सञ्चालन कार्यविधि तथा मापदण्ड तयार गरी विविध खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२४.३ **मर्मत खर्च -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै माल सामान मर्मतगर्दा लागत अनुमान तयारगर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सवारी साधन तथा मेशिन औजार मर्मत गर्द म.ले.प.फा.नं.४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारमर म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सवारी साधन मर्मतमा रू.२८,८२,००५।- खर्च गरेको छ । लागत अनुमान स्वीकृत गरी मर्मत सम्भार तथा संरक्षण अभिलेख खाता (म.ले.प.फा.नं. ४१५)तयार गरी खर्च मितव्ययी हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२४.४ **ईन्धन -** सवारी साधानको किसिम, इन्धन तथा मर्मत खर्चमा मितव्ययी हुने गरी एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई प्रयोगमा ल्याउनुपर्दछ । कार्यालयले यस वर्ष इन्धन खर्चको कुनै मापदण्ड नै तयार नगरी इन्धनमा रू.२१,४७,३५७।- खर्च गरेको छ । पदाधिकारी तथा कर्मचारीलाई मासिक रुपमा दिने इन्धनको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने अद्यावधिक अभिलेख समेत राखेको पाइएन । प्रत्येक सवारी साधनको प्रयोगको अद्यावधिक लगबुक राखि सम्बन्धी पदाधिकारीले प्रमाणित गर्नुपर्नेमा लगबुक अद्यावधिक राखेको पाइएन । इन्धन खर्चलाई मितव्ययी बनाउन इन्धन खर्चको मापदण्ड बनाई खर्च गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२५ **वितरणमुखी खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले सुत्केरी भेट कार्यक्रममा १६० जनालाई रू. ८,००,०००।- वितरण गरेको छ । पालिकाले वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ ।

सैद्धान्तिक बेरुजु

२६ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री

रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ९ वडामा ११ योजना सञ्चालन गरी यस वर्ष ६१ जनालाई औसत ९४.५ दिनले ५७६५ दिन रोजगारी उपलव्ध गराई रू.४०,५८,५६०।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२७ **ससर्त शिक्षा चालुतर्फ**

**विद्यालय निकासा -** स्थानीय तहमा शिक्षातर्फको ससर्त अनुदान कार्यान्वयन हुने कार्यक्रमसँग सम्वन्धित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० अनुसार हुनेगरी शिक्षा तर्फको रू.१५,६०,९३,०००।- बजेट मध्ये शिक्षण सिकाई कार्यक्रम बाहेक निम्नानुसार १३ कार्यक्रममा रू.१४,७२,९२,३६४।- निकासा भुक्तानी गरेको देखिन्छ ।

| सि.नं. | मुख्य कार्यक्रम/मुख्य क्रियाकलाप | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम | ६००००० | ६००००० | १०० |
| २ | आधारभूत तहका दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका तलब भत्ता अनुदान | १०११९७००० | ९६६२३३०० | ९५.४८ |
| ३ | शिक्षण सिकाई अनुदान | १६९५००० | १६९५००० | १०० |
| ४ | दिवा खाजा कार्यक्रम | ६०२९००० | ६०२९०००. | १०० |
| ५ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान | १२६३३००० | ११७१७६०० | ९२.७५ |
| ६ | विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक | २९२२००० | २७०८५६४ | ९२.७ |
| ७ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | ३०६२००० | २५७५००० | ८४.१ |
| ८ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित | १७५०००० | १५६८७८३ | ८९.६४ |
| ९ | शिक्षणसिकाई तथा सामाग्री अनुदान | १०५२००० | ९९६०५० | ९४.६८ |
| १० | माध्यमिक तहका दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षक तलब भत्ता अनुदान | २१५५९००० | २०९२१७७३ | ९७.०४ |
| ११ | छात्रावृत्ति | ८८४००० | ६३९२०० | ७२.३१ |
| १२ | स्यानीटरी प्याड | १४४३००० | १११००९४ | ७६.९३ |
| १३ | परिक्षासुदृढिकरण | ८६७००० | १०८००० | १२.४६ |

| १४ | सिक्षण सिकाइ कार्यक्रम | ४००००० | ०.०० | ० |
|---|---|---|---|---|
| | **जम्मा** | **१५६०९३०००** | **१४७२९२३६४** | **९४.३६** |

यस सम्वन्धमा देखिएका थप व्यहोरा निम्नानुसार रहेका छन्:

२७.१ **तलबी प्रतिवेदन -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को बुँदा नं २(क) मा शिक्षा विकास तथा समन्वय ईकाई मार्फत राष्ट्रिय किताबखाना(शिक्षक) वाट स्थायी शिक्षकको तलबी प्रतिवेदन पारित गराई सोही आधारमा तलब निकासा दिनुपर्ने व्यवस्था छ। यस वर्ष ४५ विद्यालयको स्थायी शिक्षकको तलबी प्रतिवेदन पारित नगराई रू.११,३६,२३,०००।- निकासा गरेकोमा शिक्षकको सरुवा, बढुवा, अवकास, राजिनामा, अन्तर पालिका सरुवा, पालिका भित्र सरुवा, लगायतका विवरण अद्यावधिक गरी राखेको देखिएन । कार्यान्वयन पुस्तिका अनुसार पालिकाले शिक्षक सरुवा, बढुवा, आन्तरिक व्यवस्थापन, नियुक्ति लगायतको विवरण अद्यावधिक गरी निकासा भिडान हुने गरी तलबी प्रतिवेदन पारित गरेर तलब भत्ता खर्च लेख्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

२७.२ **विद्यालयगत निकासा रजिष्टर -** कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लिखित कार्यक्रम कार्यान्वयन प्रकृया र प्रगति सुचक भिडान हुने गरी विद्यालयगत निकासा रजिष्टर राखी निकासा नियन्त्रण गर्नु पर्दछ । पालिकाले सो निकासा रजिष्टर राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकमबारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्टर खाता अद्यावधिक गरी राख्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२७.३ **बढी तलब निकासा -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को बुँदा नं २(क) मा शिक्षा विकास तथा समन्वय ईकाई मार्फत राष्ट्रिय किताबखाना (शिक्षक) वाट स्थायी शिक्षकको तलबी प्रतिवेदन पारित गराई सोही आधारमा तलब निकासा दिनुपर्ने व्यवस्था छ । तलबी प्रतिवेदन पारित बेगर निम्न विद्यालयलाई माग भन्दा बढी निकासा दिएको रकम असुल गरी संघीय संचितकोष फिर्ता गर्नुपर्ने रू.

| विद्यालयको नाम | बढी निकासा | कैफियत |
|---|---|---|
| श्री राज्य लक्ष्मी मा.वि. | १५२८१ | शिक्षक श्री पेशल दाहालको ग्रेड बढी निकासा |
| श्री भिमसेन स्थान मा.वि. | २०८२५ | शिक्षक श्री युवराज कटुवाल ग्रेड बढी निकासा |
| श्री भिमसेन स्थान मा.वि. | १७४७५ | शिक्षक श्री सुवास कटुवाल बढी तलब निकासा |
| श्री निकेतन मा.वि. | ६९८० | शिक्षक श्री मुना खतिवडा बढी तलब निकासा |
| श्री निकेतन मा.वि. | १४६९१ | शिक्षक श्री शिव बहादुर अधिकारी बढी तलब निकासा |
| श्री निकेतन मा.वि. | २०९४१ | शिक्षक श्री वेन्जु घिमिरे बढी तलब निकासा |
| श्री शिवदुति आ.वि. | २०९४१ | शिक्षक श्री दुर्गामाया विक बढी तलब निकासा २०७९।१२।१३ मा राजिनामा |

| | | |
|---|---|---|
| श्री जनज्योती पन्चवती आ.वि. | १२११३ | शिक्षक श्री सवडा दाहाल बढी तलब निकासा |
| **जम्मा** | १२९२४७ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२९,२४७ |

२७.४ **अनुगमन -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० अनुसार सामुदायिक विद्यालयलाई निकासा दिएकोमा अनुदान रकम विद्यालयले तोकिएको कार्यमा खर्च भए नभएको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सामुदायिक विद्यालय अनुगमन गर्न मापदण्ड तयार गरेको पाइएन । पालिकाले कार्यान्वयन पुस्तिका अनुसार शैक्षिक अवस्था सुधारमा निकासा खर्च उपयोग भएको सुनिश्चितता हुने अनुगमन मापदण्ड तयार गरी कार्यान्वयन पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२७.५ **पुस्तकालय, विज्ञान प्रयोगशाला र प्रोत्साहन अनुदान -** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं. २.७.१३.१३ अनुसार पुस्तकालय स्थापना र व्यवस्थापन तथाविज्ञान प्रयोगशाला स्थापनामा प्रति विद्यालय बार्षिक रू.६ लाख ५० हजार र शैक्षिक गुणस्तर सुढढिकरण प्रोत्साहनको लागि रू.२ लाख निकासा दिन सकिने व्यवस्था छ । पालिकाले निम्न ३ विद्यालयलाई पुस्तकालय स्थापना र व्यवस्थापन, विज्ञान प्रयोगशाला शैक्षिक गुणस्तर सुढढिकरण प्रोत्साहनको लागि रू.१४,६८,०३३।- निकासा भुक्तानी गरेको देखियो । लेखापरीक्षण अवधिसम्म पालिकाले पुस्तकालय स्थापना र व्यवस्थापन, विज्ञान प्रयोगशाला र शैक्षिक गुणस्तर सुदृढीकरण प्रोत्साहन खर्च सम्बन्धमा जिन्सी दाखिला, कार्यसम्पन्न तथा प्रगति अवस्था खुल्ने अनुगमन प्रतिवेदन पेश गर्नु पर्ने रू.

| सि.नं. | भौ.नं. र मिति | विद्यालयको नाम | खरिद सामाग्री | रकम |
|---|---|---|---|---|
| १ | २०२।०८०।३।१८ | श्री निकेतन मावि माधवपुर | पुस्तकालय सामाग्री | ६१८५०० |
| २ | २०१।०८०।३।१८ | राज्यलक्ष्मी माध्यमिक विद्यालय उँबु | विज्ञान प्रयोगशाला | ६४९५३३ |
| ३ | २१४।०८०।३।१९ | श्री कालिका माध्यमिक विद्यालय मोली | शैक्षिक गुणस्तर सुदृढीकरण प्रोत्साहन | २००००० |
| | **जम्मा** | | | **१४६८०३३** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,६८,०३३ |

२७.६ **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत ससर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले निम्नानुसार स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयमा गत विगतदेखि नै कार्यरत शिक्षक तथा कर्मचारीलाई वित्तीय समानीकरण अनुदानबाट रू.१७,९५,०००।- तलब भत्ता भुक्तानी गरेको देखियो । आन्तरिक आय समेत उल्लेख्य नभएको र O &M समेत नगरेको अवस्थामा समेत समानिकरण अनुदानको रकममा उद्देश्य विपरित तलब भत्ता लेखु नियमसंगत होइन।

| भौ. नं./मिति | विद्यालय संख्या | निकासा रकम |
|---|---|---|
| ५२।०७९।६।१२ | १० | ४३२५००.०० |

| | | |
|---|---|---|
| ३०१।०७९।१०।१७ | १ | ३७५००.०० |
| २३३।०७९।९।२४ | १० | ४३२५००.०० |
| ४७७।०७९।१२।२९ | १० | ३९४१६६.०० |
| ७४८।०८०।३।२१ | ११ | ४९८३३४ |
| **जम्मा** | | **१७९५०००** |

सैद्धान्तिक बेरुजु

२७.७ **पाठ्यपुस्तक अनुदान -** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को को क्रियाकलाप नं. २.४.६.१ मा तोकिए बमोजिम निकासा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिकाले सत्यापन प्रमाणित वेगर विद्यालयलाई एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) को २०७९ को तथ्याङ्कको आधारमा पाठ्यपुस्तक अनुदान निकासा भुक्तानी देखियो । पालिकावाट सत्यापन प्रमाणित नभएकोले एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) को २०८० को तथ्याङ्कभन्दा बढी निकासा दिएको असुल गरी संघीय सञ्चितकोष दाखिला गर्नुपर्ने रू.

| सि. नं. | नाम | विधार्थी सँख्या | विद्यार्थी अनुसार हुनु पर्ने भुक्तानी | पालिकावाट भुक्तानी भएको रू. | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| १ | Kalika Basic School Pankhu | ७७ | ५१७४४ | ६८४६८ | १६७२४ |
| २ | Bhimsensthan Ma V Ketuke | १६६ | १४११३८ | १८०९४४.७५ | ३९८०६ |
| ३ | Manorachana Basic School | ४६ | ३०८९० | ३७७२२ | ६८३२ |
| ४ | Bidhyakalikadevi B. S. Tilpung | १२९ | ८३६१४ | १११२३८.२५ | २७६२४ |
| ५ | Shree Bhagawati Secondary School | ४६५ | ३३९७३६ | ३६४७३४ | २४९९८ |
| ६ | Dhimile Basic School Dhimile | ८६ | ५९२२५ | ७४४३७ | १५२१२ |
| ७ | Mangala Besic School Phasku | ४० | २३३५२ | २६८४०.७५ | ३४८८ |
| ८ | Mahadevasthan Ma V Hilepani | १९६ | १५७१५४ | १७३७५२ | १६५९८ |
| ९ | Janata Basic School Thakle | ७० | ४६३१४ | ५७५३७ | ११२२३ |
| १० | Swarnantaral Basic School | १०५ | ७५०९१ | ८१३१३ | ६२२२ |
| ११ | Shivaduti Basic School | ९७ | ६६०७३ | ७४७३४ | ८६६१ |
| | **जम्मा** | | | | **१७७३८८** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७७,३८८ |

२७.८ **पाठ्यपुस्तक अनुदान -** कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं. २.४.६.१ अनुसार शिक्षा अधिकारीवाट एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS), प्रमाणित सत्यापन, विद्यार्थीले पुस्तक प्राप्त गरेको भरपाई, खरिद विल भरपाई लगायत भएको सुनिश्चितता गरी निकासा भुक्तानी गरी सोको कार्यान्वयन सम्बन्धमा पालिकाले अनुगमन समेत गर्नु पर्दछ । पालिकाले विद्यालयलाई पाठ्यपुस्तक अनुदान निकासा दिएकोमा लेखापरिक्षणका क्रममा निम्न लिखित विद्यालयको पाठ्यपुस्तक खरिद गरेको विल, वितरण गरेको भर्पाई, विद्यार्थी हाजिरी तथा पालिकास्तरीय अनुगमन गरेको प्रतिवेदन पेश नभएको रू.

| सि. नं. | नाम | पाठ्यपुस्तक |
|---|---|---|
| १ | सिलवन्ती प्रा वि | ५०५७ |
| २ | कृषेपु प्रा वि | १०५८३ |
| ३ | देवी आधारभूत विद्यालय | ८४३२ |
| ४ | श्री भगवती मावि | ५०५७ |
| ५ | सिद्धस्थान आधारभूत विद्यालय | ९७८४ |
| ६ | दूधकौशिका आधारभूत विद्यालय | १५५१८ |
| ७ | समाजसेवा युवा आधारभूत विद्यालय | ३८३४ |
| ८ | रिचुवा आधारभूत विद्यालय तल्लो रिचुवा | ६१४२४ |
| ९ | स्वर्णान्तरल आधारभूत विद्यालय | ८१३३३ |
| १० | कालिका आधारभूत विद्यालय | ८१९९ |
| ११ | मनोकामना प्रा. वि. | १७८१९ |
| १२ | जनहित आ.वि. | १९३७१ |
| १३ | जानकी प्रा. वि. | १००६५ |
| १४ | राज्यलक्ष्मी मा. वि. अनबु | १६९७७९ |
| १५ | भगवति मा.वि. ११।१२ | ७९०१७ |
| १६ | हर्कपुर मा.वि. ११।१२ | ३४४७७ |
| १७ | भिमसेनस्थान मा.वि. ] ११।१२ | ६०२३ |
| १८ | मनकामना मा.वि. ११।१२ | ६७३९ |
| १९ | कालिका मा.वि. ११।१२ | १९३१७ |
| २० | राज्यलक्ष्मी मा.वि. ११।१२ | १०७७८ |

| | | |
|---|---|---|
| २१ | निकेतन मा.वि. | १४२६८९ |
| | **जम्मा** | **७२५२९५** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,२५,२९५ |

२७.९ **सामुदायिक सिकाई केन्द्र खर्च -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.७.१३.११ को उप क्रियाकलाप नं. ६.७ अनुसार वार्षिक साधारण सभा भएको, बजेट कार्यक्रम तथा खर्च पास तथा स्विकृत र लेखापरीक्षण प्रतिवेदन पेश गरेको आधारमा सामुदायिक परिचालकको पारिश्रमिकको लागि अनुदान निकासा उपलव्ध गराउने व्यवस्था रहेको छ । पालिकाले निम्न ३ सामुदायिक सिकाई केन्द्रलाई रू.३,८४,०००।- निकासा गरेकोमा लेखापरीक्षणको क्रममा कार्यान्वयन पुस्तिका अनुसारको माइन्यूट, लेखापरीक्षण प्रतिवेदन तथा पारिश्रमिक भुक्तानी भएको भरपाई पेश भएको छैन । कार्यान्वयन पुस्तिका अनुसारको माइन्यूट, लेखापरीक्षण प्रतिवेदन तथा पारिश्रमिक भुक्तानी भएको भरपाई पेश गर्नु पर्ने रू.

| क्र.सं. | सामुदायिक सिकाई केन्द्रको नाम | जम्मा |
|---|---|---|
| १. | मोलि सामुदायिक सिकाई केन्द्र | १२८००० |
| २. | सुश्मिता विनिता सामुदायिक सिकाई केन्द्र | १२८००० |
| ३. | सिर्जनशिल सामुदायिक सिकाई केन्द्र | १२८००० |
| | **जम्मा** | **३८४०००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,८४,००० |

२७.१० **स्यानिटरी प्याड -** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ६२८ जना रहेका छन। पालिकाले २ फर्मबाट १८५०० थान स्यानिटरी प्याड रू.११,१०,०९४।- (मू. अ. कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरी ३२४० थान मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको र गुणस्तर परिक्षण गरी प्रतिवेदन संलग्न गरेको छैन । पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## २८ ससर्त शिक्षा

२८.१ **शिक्षक दरबन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४५ सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।पालिकाले दरबन्दी मिलान गरी सेवा प्रवाह गर्नेतर्फ ध्यान दिनु पर्दछ ।

| विद्यालय | शिक्षक, बालबिकास , विद्यालय कर्मचारी दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|
| विभिन्न | ३५४ | ३५४ | २५० | ३८९८ |

सैद्धान्तिक बेरुजु

२८.२ **गैरआवासीय छात्रवृत्ती -** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं. ७.२.१.१ उपक्रियाकलाप नं. ४.२ अनुसार गैरआवासीय छात्रा छात्रवृत्ति रकम निकासा गर्दा सत्यापन प्रमाणित गरी तोके अनुसार छात्रवृत्ति प्रदान गर्ने निर्णय र नामनामेसी सहितको वितरण भरपाई समावेश गर्नु पर्ने व्यवस्था छ । पालिकाले सत्यापन प्रमाणित नगरी एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS)को २०७९ को तथ्याङ्क अनुसार ४७ विद्यालयलाई प्रतिविद्यार्थि रू.४००।- को दरले रू.४,३२,२००।- गैरआवासीय छात्रा छात्रवृत्ती अनुदान निकासा दिएकोमा लेखापरीक्षणको क्रममा छात्रवृत्तिको निर्णय र नामनामेसी सहितको वितरण भरपाई पेश भएको छैन । खर्च पुष्टी हुने गरी छात्रवृत्ति प्रदान गर्ने निर्णय र नामनामेसी सहितको वितरण भरपाई पेश गर्नुपर्ने रू.

| सि. नं. | नाम | छात्रबृत्ति |
|---|---|---|
| १ | सिलवन्ती प्रा वि | २७६०० |
| २ | कृषेपु प्रा वि | ५६०० |
| ३ | महाकाली प्रा वि | २००० |
| ४ | पञ्चकन्या प्रा वि | २८०० |
| ५ | मनकामना मा वी वक्सा | ४५२०० |
| ६ | धुसेनी प्रा वि अहले | ६००० |
| ७ | देवी आधारभूत विद्यालय | ४८०० |
| ८ | मनोरचना आधारभूत विद्यालय | १२४०० |
| ९ | निकेतन मा वी माधवपुर | ३६८०० |
| १० | विद्याकालिकादेवी बीएसतिलपुङ | ३६८०० |
| ११ | देवस्थान आधारभूत विद्यालय | १३२०० |
| १२ | धिमिले आधारभूत विद्यालय धिमिले | २४६०० |
| १३ | सिद्धस्थान आधारभूत विद्यालय | ३२०० |
| १४ | कालिका मावि मोली | ३०४०० |
| १५ | दीपज्योति प्रा वि | ५६०० |
| १६ | सुनकोशिजना आधारभूत विद्यालय | ६४०० |
| १७ | दूधकौशिका आधारभूत विद्यालय | ५६०० |

| | | |
|---|---|---|
| १८ | जनता आधारभूत विद्यालय, थाक्ले | २२८०० |
| १९ | समाजसेवा युवा आधारभूत विद्यालय | १२०० |
| २० | स्वर्णान्तरल आधारभूत विद्यालय | २६८०० |
| २१ | मनोकामना प्रा. वि. | ७२०० |
| २२ | शिवदुती आधारभूत विद्यालय | २७६०० |
| २३ | भीमदर्श प्रा. वि. | ४८०० |
| २४ | सन्देश प्रा. वि. | ३२०० |
| २५ | जनहित आ. वि. | ६४०० |
| २६ | जानकी प्रा. वि. | ३२०० |
| २७ | सानोजुरे आधारभूत विद्यालय | ४८०० |
| २८ | राज्यलक्ष्मी मा. वि. अनबु | ४७६०० |
| २९ | जनकल्याण बि.स.कोल्बोटे | ७६०० |
| | जम्मा | ४३२२०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,३२,२०० |

२८.३ **दलित छात्रवृत्ति -** कार्यक्रमकार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं. ७.२.१.१ उपक्रियाकलाप नं. ४.२ अनुसार गैरआवासीय दलित छात्रवृत्ति रकम निकासा गर्दा सत्यापन प्रमाणित गरी दोहोरो नपर्ने गरी तोके अनुसार छात्रवृत्ति प्रदान गर्ने निर्णय र नामनामेसी सहितको वितरण भरपाई समावेश गर्नु पर्ने व्यवस्था छ । पालिकाले सत्यापन प्रमाणित नगरी सत्यापन प्रमाणित नगरी एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS)को २०७९ को तथ्याङ्क अनुसार निम्न १८ विद्यालयलाई प्रतिविद्यार्थि रू.४००।- को दरले देहाय बमोजिम रू.३७,२००।- बढी भुक्तानी भएको छ । वढी भुक्तानी रकम असुल गर्नु पर्ने रू.

| सि. नं. | विद्यालयको नाम | जम्मा संख्या | भुक्तानी हुनुपर्ने | बढी | दर | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | भगवती मा.वि. मानेभञ्ज्याङ्ग | ८६ | ७१ | १५ | ४०० | ६००० |
| २ | जनता आ.वि. थाक्ले | ५७ | ५५ | २ | ४०० | ८०० |
| ३ | हर्कपुर मा.वि. हर्कपुरटार | १३१ | १२८ | ३ | ४०० | १२०० |
| ४ | स्वर्णान्तराल आ.वि. कर्कल्यानी | ६७ | ५७ | १० | ४०० | ४००० |
| ५ | विद्याकालिका आ.वि. तिल्पुङडाँडा | ९२ | ९१ | १ | ४०० | ४०० |
| ६ | धुसेनी आ.वि. धुसेनी | २५ | २४ | १ | ४०० | ४०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | धिमिले आ.वि. धिमिले | ६६ | ५९ | ७ | ४०० | २८०० |
| ८ | भीमआदर्श आ.वि. खचापु, | १२ | ११ | १ | ४०० | ४०० |
| ९ | मनोकामना आ.वि. माझिटार | १८ | ५ | १३ | ४०० | ५२०० |
| १० | जनहित आ.वि. लुकुवापानी | १६ | १३ | ३ | ४०० | १२०० |
| ११ | कालिका आ.वि. पंखु | ५८ | ४३ | १५ | ४०० | ६००० |
| १२ | मंगला आ.वि. फस्कु | २२ | २१ | १ | ४०० | ४०० |
| १३ | रिचुवा आ.वि. रिचुवा | ७ | ५ | २ | ४०० | ८०० |
| १४ | ईश्वरी आ.वि मोली | ६ | ४ | २ | ४०० | ८०० |
| १५ | दुधकौशिका आ.वि. सोक्माटार | १४ | १२ | २ | ४०० | ८०० |
| १६ | सानोजुरे आ.वि. सानोजुरे | १२ | ११ | १ | ४०० | ४०० |
| १७ | महादेवस्थान मा.वि. हिलेपानी | ६८ | ६७ | १ | ४०० | ४०० |
| १८ | देवीस्थान आ.वि. उदयपुर | ३३ | २० | १३ | ४०० | ५२०० |
| | **जम्मा** | **७९०** | **६९७** | **९३** | **४००** | **३७२००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३७,२०० |

२८.४ **विद्यालय सुधार योजना -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.७.१३.१० अनुसार विद्यालय सुधार योजनाको लागी आधारभुत तहमा सञ्चालित विद्यालयलाई रू.१५,०००।- र माध्यमिक तहमा सञ्चालित विद्यालयलाई रू.२०,०००।- का दरले निकासा दिन सकिने व्यवस्था छ । पालिकाले २९ विद्यालयलाई विद्यालय सुधार योजना तयार गर्नको लागि रू.४,७०,०००।- निकासा भुक्तानी गरेकोमा लेखापरीक्षणको क्रममा विद्यालय सुधार योजना पेश भएको छैन। कार्यान्वयन पुस्तिका अनुसार विद्यालय सुधार योजना पेश गर्नुपर्ने रू.

| सि. नं. | नाम | विद्यालय सुधार |
|---|---|---|
| १ | कृषेपु प्रा.वि. | १५००० |
| २ | महाकाली प्रा.वि. | १५००० |
| ३ | मनकामना मा.वी. वक्सा | २०००० |
| ४ | कालिका आधारभूत विद्यालय पांखु | १५००० |
| ५ | भीमसेनस्थान मा.वि. केतुके | २०००० |
| ६ | निकेतन मा.वी. माधवपुर | २०००० |
| ७ | देवस्थान आधारभूत विद्यालय | १५००० |

| | | |
|---|---|---|
| ८ | श्री भगवती मा.वि. | २०००० |
| ९ | धिमिले आधारभूत विद्यालय धिमिले | १५००० |
| १० | सिद्धस्थान आधारभूत विद्यालय | १५००० |
| ११ | महाकाली प्रा.वि. | १५००० |
| १२ | मंगला बेसिक स्कुल फास्कु | १५००० |
| १३ | कालिका मा.वि. मोली | २०००० |
| १४ | दीपज्योति प्रा.वि. | १५००० |
| १५ | ईश्वरी प्रा.वि. | १५००० |
| १६ | सुनकोशिजना आधारभूत विद्यालय | १५००० |
| १७ | दूधकौशिका आधारभूत विद्यालय | १५००० |
| १८ | जनता आधारभूत विद्यालय थाक्ले | १५००० |
| १९ | समाजसेवा युवा आधारभूत विद्यालय | १५००० |
| २० | रिचुवा आधारभूत विद्यालय तल्लो रिचुवा | १५००० |
| २१ | सरस्वती आधारभूत विद्यालय | १५००० |
| २२ | स्वर्णान्तरल आधारभूत विद्यालय | १५००० |
| २३ | कालिका आधारभूत विद्यालय | १५००० |
| २४ | मनोकामना प्रा.वि. | १५००० |
| २५ | हर्कपुर मा.वि.हर्कपुर | २०००० |
| २६ | सन्देश प्रा. वि. | १५००० |
| २७ | सानोजुरे आधारभूत विद्यालय | १५००० |
| २८ | राज्यलक्ष्मी मा.वि. अनबु | २०००० |
| २९ | जनकल्याण बि.स.कोल्बोटे | १५००० |
| | **जम्मा** | ४७०००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,७०,००० |

२८.५ **लेखापरीक्षण खर्च -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.७.१३.१० अनुसार सामाजिक तथा आर्थिक लेखापरीक्षण, विद्यार्थी परिचयपत्र व्यवस्थापन, विद्यालय तथ्यांक व्यवस्थापन, बुलेटिन प्रकासन लगायत क्रियाकलाप सञ्चालनका लागि एकमुष्ठ अनुदानको रुपमा आधारभुत तहमा सञ्चालित विद्यालयलाई रू.१०,०००।- र माध्यमिक तहमा सञ्चालित विद्यालयलाई रू.१५,०००।- का दरले निकासा दिन सकिने व्यवस्था रहेको देखिन्छ । पालिकाले २७ विद्यालयलाई सो कार्यको लागि रू.२,९५,०००।- निकासा भुक्तानी गरेकोमा अन्तिम लेखापरीक्षण अवधिसम्म सोको प्रतिवेदन पेश भएको छैन । कार्यान्वयन पुस्तिकामा उल्लिखित अनुसारको सामाजिक र आर्थिक लेखा प्रतिवेदन पेश हुनु पर्ने रू.

| सि. नं. | नाम | लेखापरीक्षण |
|---|---|---|
| १ | कृषेपु प्रा.वि. | १०००० |
| २ | धुसेनी प्रा.वि. अहले | १०००० |
| ३ | धुसेनी आधारभूत विद्यालय धुसेनी | १०००० |
| ४ | थुलोजुरे प्रा.वि. | १०००० |
| ५ | कालिका आधारभूत विद्यालय पांखु | १०००० |
| ६ | मनोरचना आधारभूत विद्यालय | १०००० |
| ७ | निकेतन मा.वी. माधवपुर | १५००० |
| ८ | विद्याकालिकादेवी बीएसतिलपुङ | १०००० |
| ९ | देवस्थान आधारभूत विद्यालय | १०००० |
| १० | श्री भगवती मा.वि. | १५००० |
| ११ | धिमिले आधारभूत विद्यालय धिमिले | १०००० |
| १२ | सिद्धस्थान आधारभूत विद्यालय | १०००० |
| १३ | महाकाली प्रा.वि. | १०००० |
| १४ | कालिका मावि मोली | १५००० |
| १५ | दीपज्योति प्रा.वि. | १०००० |
| १६ | ईश्वरी प्रा.वि. | १०००० |
| १७ | महाकालिस्तान आधारभूत विद्यालय | १०००० |
| १८ | सुनकोशिजना आधारभूत विद्यालय | १०००० |
| १९ | दूधकौशिका आधारभूत विद्यालय | १०००० |
| २० | महादेवस्थान मा.वी. हिलेपानी | १५००० |

| | | |
|---|---|---|
| २१ | समाजसेवा युवा आधारभूत विद्यालय | १०००० |
| २२ | रिचुवा आधारभूत विद्यालय तल्लो रिचुवा | १०००० |
| २३ | स्वर्णान्तरल आधारभूत विद्यालय | १०००० |
| २४ | कालिका आधारभूत विद्यालय | १०००० |
| २५ | शहीद स्मृति प्रा.वि. | १०००० |
| २६ | हर्कपुर मा.वि. हर्कपुर | १५००० |
| २७ | जानकी प्रा.वि. | १०००० |
| | **जम्मा** | **२९५०००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,९५,००० |

२८.६ **दिवा खाजा -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप सि.नं. २.७.११.१ आधारमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६ मा उल्लिखित मापदण्ड अनुसार हुने गरी विद्यालयलेनै दिवा खाजा खुवाएको देखिने गरी विद्यार्थी हाजिरी र सो अनुसार भरपाई समावेश गरी दिवा खाजा खर्च निकासा गरी अनुगमन समेत गर्नु पर्दछ । पालिकामा रहेका ४५ विद्यालयलाई दिवा खाजामा उपलव्ध रू.६०,२९,०००।- निकासा गरेको छ । लेखापरीक्षणको क्रममा पहिलो र दोस्रो त्रैमासिकमा दिवा खाजा वापत विद्यार्थीलाई नगदै उपलव्ध गराएको भरपाई पेश भएको देखिन्छ । कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप सि.नं. २.७.११.१ र दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६ मा उल्लिखित मापदण्ड अनुसार हुने गरी विद्यालयलेनै दिवा खाजा खुवाउने व्यवस्था कार्यान्वयन गर्न पालिकाले पहल गरेको देखिएको छैन । कार्यक्रम कार्यान्वयन पुस्तिका र दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका अनुसार विद्यार्थीलाई विद्यालयमा नै दिवा खाजा खुवाउने कार्यक्रम कार्यान्वयन हुनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२८.७ **दिवाखाजा हाजिरी तथा भरपाई -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप सि.नं. २.७.११.१ र दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६ अनुसार विद्यालयलेनै दिवा खाजा खुवाएको देखिने गरी विद्यार्थी हाजिरी र सो अनुसार भरपाई समावेश गरी दिवा खाजा खर्च निकासा गरी अनुगमन समेत गर्नु पर्दछ । पालिका भित्रका ४५ विद्यालयलाई पहिलो र दोस्रो त्रैमासिकमा नगदै उपलव्ध गराएको भरपाई पेश भएको र तेस्रो र चौथो त्रैमासिकमा भएको रू. ३५,९०,१९०।- निकासा गरेकोमा लेखापरीक्षण अवधिसम्म विद्यार्थी हाजिरी र सो अनुसार भरपाई पेश भएको छैन । कार्यक्रम कार्यान्वयन र सहजिकरण पुस्तिका अनुसारको विद्यार्थी हाजिरी र सो अनुसार भरपाई प्रमाण पेश गर्नु पर्ने रू.

| क्र.सं. | विद्यालयको नाम | बाल विकास कक्षा देखि कक्षा ६ सम्म | तेस्रो र चौथो त्रैमासिकको जम्मा हाजिरी दिन | प्रति दिन | दिवा खाजा कुल रकम निकाशा |
|---|---|---|---|---|---|
| १ | भगवती मा.वि. मानेभञ्ज्याङ्ग | ११२ | १०४०८ | १५ | १५६१२० |
| २. | जनता आ.वि. थाक्ले | ७१ | ७३२१ | १५ | १०९८१५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | हर्कपुर मा.वि. हर्कपुरटार | १९५ | २३५८३ | १५ | ३५३७४५ |
| ४. | सिद्धस्थान आ.वि. रिचुवा | १८ | २१९१ | १५ | ३२८६५ |
| ५. | धुसेनी आ.वि. आहाले | २६ | २११४ | १५ | ३१७१० |
| ६. | स्वर्णान्तराल आ.वि. कर्कल्यानी | ७६ | ६७८६ | १५ | १०१७९० |
| ७. | भिमसेनस्थान मा.वि. केत्तुके | ५४ | ४८५५ | १५ | ७२८२५ |
| ८. | विद्याकालिका आ.वि. तिल्पुङडाँडा | १४४ | १२८०८ | १५ | १९२१२० |
| ९. | धुसेनी आ.वि. धुसेनी | ४३ | ३४४१ | १५ | ५१६१५ |
| १०. | ठुलोजुरे आ.वि. कालिकास्थान | २३ | १७६८ | १५ | २६५२० |
| ११. | कालिका आ.वि. भालुखोला | १५ | १२४० | १५ | १८६०० |
| १२. | शिवदुती आ.वि. राघवपुर | ९७ | ९७४२ | १५ | १४६१३० |
| १३. | महाकालीस्थान आ.वि.आरुबोट | १४ | १६९० | १५ | २५३५० |
| १४. | जनकल्याण आ.वि. कोल्बोटे | ४४ | ३४६१ | १५ | ५१९१५ |
| १५. | मनकामना मा.वि. वाक्सा | १८२ | २१८५९ | १५ | ३२७८८५ |
| १६. | निकेतन मा.वि. माधवपुर | ११८ | १२६२९ | १५ | १८९४३५ |
| १७. | धिमिले आ.वि. धिमिले | ९५ | ८९२२ | १५ | १३३८३० |
| १८. | भीमआदर्श आ.वि. खचापु, | २८ | २६६२ | १५ | ३९९३० |
| १९. | महाँकाली आ.वि. ध्याम्दालु | १८ | १४९८ | १५ | २२४७० |
| २०. | जानकी आ.वि. गुर्वागाउँ | १८ | १८५७ | १५ | २७८५५ |
| २१. | मनोकामना आ.वि. माझिटार | ३२ | ३६३५ | १५ | ५४५२५ |
| २२. | जनहित आ.वि. लुकुवापानी | ४४ | ४४४४ | १५ | ६६६६० |
| २३. | सिलवन्ती आ.वि. सिम्पानी | २० | २०९३ | १५ | ३१३९५ |
| २४. | शहीदस्मृती आ.वि. सातसल्ले | ५१ | ४३०६ | १५ | ६४५९० |
| २५. | कृषेपु आ.वि. कृषेपु | ३१ | ३२२८ | १५ | ४८४२० |
| २६. | महाकाली आ.वि. खाटाजेरे | ८ | ९९४ | १५ | १४९१० |
| २७. | कालिका आ.वि. पंखु | ९४ | १२३१७ | १५ | १८४७५५ |
| २८. | सरस्वती आ.वि. कुम्लिङ | १४ | १३७९ | १५ | २०६८५ |
| २९. | जनज्योति पंचावती आ.वि. | २८ | २३९७ | १५ | ३५९५५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३०. | मंगला आ.वि. फस्कु | ६३ | ५७६३ | १५ | ८६४४५ |
| ३१. | कालिका मा.वि. मोलीडाँडा | ८९ | ८९९२ | १५ | १३४८८० |
| ३२. | मनोरचना आ.वि. दुम्खिम | ५८ | ४८३६ | १५ | ७२५४० |
| ३३. | दिपज्योती आ.वि बाखे | ४० | ३२७८ | १५ | ४९१७० |
| ३४. | सुनकोशीजन आ.वि. हिलेपानी | २६ | २४१२ | १५ | ३६१८० |
| ३५. | देवी आ.वि. खेतिघर | १५ | ११५० | १५ | १७२५० |
| ३६. | ईश्वरी आ.वि मोली | १४ | १३७४ | १५ | २०६१० |
| ३७. | राज्यलक्ष्मी मा.वि. बिजुवाथान | १२० | ११५७२ | १५ | १७३५८० |
| ३८. | रिचुवा आ.वि. रिचुवा | २० | १५७२ | १५ | २३५८० |
| ३९. | पञ्चकन्या आ.वि. लाफे | २१ | २१३२ | १५ | ३१९८० |
| ४०. | दुधकौशिका आ.वि. सोक्माटार | ३२ | २१२६ | १५ | ३१८९० |
| ४१. | सन्देश आ.वि. आहाले | २५ | २६४८ | १५ | ३९७२० |
| ४२. | सानोजुरे आ.वि. सानोजुरे | १८ | २०९० | १५ | ३१३५० |
| ४३. | महादेवस्थान मा.वि. हिलेपानी | ९६ | ७५३५ | १५ | ११३०२५ |
| ४४. | देवीस्थान आ.वि. उदयपुर | ५९ | ५३५३ | १५ | ८०२९५ |
| ४५. | समाजसेवा युवा आ.वि. जाक्मा | ७ | ८८५ | १५ | १३२७५ |
| | **जम्मा** | **२४१६** | **२३९३४६** | | **३५९०१९०** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३५,९०,१९० |

२९ **मुद्दति खातामा कोष -** गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी मानेभन्ज्याङ गाउँपालिकाको शिक्षा ऐन, २०७६ जारी गरेको छ । उक्त ऐनको दफा २६ अनुसार विभिन्न स्रोतवाट दाखिला हुने गरी विद्यालय कोष रहने उल्लेख छ । आर्थिक वर्ष २०७९।८० मा गाउँपालिकाले वित्तीय समानिकरण अनुदानवाट प्रति विद्यार्थी रू.१२००।- का दरले विद्यालयको समेत सहभागितामा सञ्चालन कार्यविधि तयार भए पश्चात खर्च हुने गरी १८ विद्यालयलाई रू.३१,२२,४००।- अनुदान निकासा गरेको देखियो । गाउँपालिकाको क्षेत्रधिकार भित्रका विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि हुने गरी वार्षिक बजेट तथा कार्यक्रम मार्फत खर्च दायित्व पुरा गर्नु पर्नेमा विद्यालयको मुद्दति खातामा कोषको रुपमा रहने गरी अनुदान भुक्तानी हुने शिक्षा ऐन, २०७६ को व्यवस्था उपयुक्त देखिदैन । आर्थिक वर्षको अन्त्यमा गो भौ न ७९०।०८०।३।२४ वाट बार्षिक रुपमा कार्यक्रम नगरी विद्यालयको मुद्दति खातामा दाखिला हुनेगरी भएको निकासा खर्च मनासिव देखिएन रू.

| | |
|---|---|
| अनियमित भएको | ३१,२२,४०० |

३० **सोधभर्ना -** मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षाघातका विरामीलाई औषधी उपचार वापत खर्च उपलव्ध गराउने सम्वन्धी कार्यविधि, २०७८ को दफा ५ अनुसार स्थानीय तहवाट उपलव्ध गराएको औषधी उपचार वापतको खर्चको अनुसूची ३ अनुसारको ढाँचामा भएको भुक्तानी रकम विवरण पेश गरेको आधारमा अर्धवार्षिक रुपमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,रामशाह पथले शोधभर्ना गर्ने उल्लेख छ। पालिकाले यस वर्ष निम्नानुसार रू.११,८०,०००।- औषधी उपचार सहायता भुक्तानी गरेको छ । प्राप्त हुन बाँकी सोधभर्ना समयमै प्राप्त गर्नुपर्ने रू.

| खर्च शिर्षक | भौचर नं. | विरामी संख्या | खर्च रकम |
|---|---|---|---|
| संघीय हस्तान्तरण चालु | १६४।०७९।८।२० | १४ जना | २१०००० |
| | २७५।०७९।१०।९ | १७ जना | २५५००० |
| | ४९८।०८०।१।१२ | २५ जना | ३३५००० |
| | ७९४।०८०।३।२४ | २६ जना | ३८०००० |
| **सोधभर्ना लिन वाँकी** | | | **११८००००** |

| | |
|---|---|
| सोधभर्ना नलिएको | ११,८०,००० |

३१ **अनुदानको अनुगमन -** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले देहाय कार्य संचालन गर्न बिउपुँजी तथा अनुदानमा रू.४,००,०००।- खर्च गरेको छ । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

| भौ. नं. र मिति | संस्थाको नाम | रकम |
|---|---|---|
| ३९२।०७९।१२।२ | मोतिराज राई ग्रामिण आँखा केन्द्र मानेभन्ज्याङ्गलाई आँखा उपचारका लागि विउपुँजी अनुदान | ३००००० |
| ११।०८०।३।२० | गरिबसँग विश्वेश्वर कार्यक्रम वडा नं ६ बिउपुँजी | १००००० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३२ **विषयगत कार्यक्रम -** संघीय ससर्तबाट स्वास्थ्यतर्फ रू.८,८२,००,०००।- बजेट मध्ये रू.६,३०,६२,९०५।६० खर्च भएकोमा वहुक्षेत्रीय पोषण, लम्पी स्किन, क्षयरोगी खोज पड्तालन, परिवार नियोजन, नवजात शिशु उपचार लगायत २१ कार्यक्रमको रू.२९,२०,०००।- को कार्यक्रम कार्यान्वयन भएको देखिएन । त्यस्तै कृषि, उद्योग, जलश्रोत तथा सिंचाई, पशुपन्छी विकास, भुमि व्यवस्थातर्फ २८ कार्यक्रममा रू.३,९४,००,०००।- बजेट मध्ये रू. २,१९,८५,९९०।- खर्च भएकोमा रू.३४,४०,०००।- को १३ कार्यक्रम कार्यान्वयन नै भएको देखिएन । पालिकाले कार्यक्रमको अपेक्षित उपलव्धि हासिल हुनेगरी कार्यक्रम कार्यान्वयन गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

३२.१ **औषधी खरिद -** उपभोक्तालाई सहज सेवा, औषधी तथा सामानको पहिचान, सोको छनौट र प्रक्षेपण तथा खरिद र जिन्सी व्यवस्थापन समेत विषय समेटेर तिनै तहले कार्यान्वयन गर्न सक्ने गरी संघीय स्वास्थ्य सेवा विभाग, आपूर्ति व्यवस्था महाशाखाले औषधीजन्य मालसामान सार्वजनिक खरिद कानुनमा उल्लिखित व्यवस्था समेत समावेश गरी खरिद तथा आपूर्ति व्यवस्थापन सहजीकरण पुस्तिका, २०७४ जारी गरेको छ । यस वर्ष आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधी खरिद तर्फ संघीय सशर्त तथा स्थानीय तहको बजेटवाट पहिलो पटक रू.२२,६०,७३४।५० को लागत अनुमान तयार गरी शिलवन्दी दरभाउपत्र विधिवाट नयन मेडिको फार्मावाट २०७९।९।२४ मा सम्झौता भई २१३।०८०।३।१९ वाट रू. ६,८०,४२४।- को खरिद भएको देखियो । सम्झौता पश्चात वचत बजेटवाट पुनः रू.१७,७३,२५७।०२ को लागत अनुमान तयार गरी सिलवन्दी दरभाउपत्र विधिवाट मेडिगोल्ड इन्टरनेशनल प्रा.लिसँग २०८०।२।३२ मा सम्झौता भई गोश्वारा भौचर नं. २११।०८०।३।१८ वाट रू.५,६५,१७८।- को खरिद भएको देखियो । खरिदको विड डकुमेन्टमा औषधी तथा मेडिकल उपकरणको लागि आवश्यक गुणस्तर तथा मापदण्ड सम्वन्धि व्यवस्था समावेश नहुनुका साथै सुरु बजेटको खरिद पश्चात वचत बजेटवाट पुनः खरिद गर्नुले पालिका अन्तर्गत औषधी आवश्यकता परिमाणको लागत अनुमान समेत यथार्थपरक रहेको देखिदैन । लागत अनुमान भन्दा ६९ प्रतिशतसम्म घटीमा सम्झौता भई आपुर्ति भएको आधारभुत औषधीहरु सहजिकरण पुस्तिकामा उल्लिखित म्याद भएको र तोकिएको गुणस्तरमा प्राप्त भएको खुल्ने कागजात समावेश रहेको छैन । औषधी खरिद गर्दा स्वास्थ्य मन्त्रालय, औषधी व्यवस्था विभाग तथा विश्वस्वास्थ्य संगठन र आयुर्वेद विभागले निर्धारण गरेका गुणस्तर तथा मापदण्ड आवश्यक हुने व्यहोरालाई समावेश गरी यथार्थ परक रुपमा आवश्यका निर्धारण गरी प्रतिस्पर्धात्मक तवरले एलोपेथिक तथा आयुर्वेदिक औषधी तथा मेडिकल उपकरण खरिद गर्नु पर्दछ ।

| क्र.सं. | स्रोत | आइटम संख्या | लागत अनुमान | खर्च | व्यवसायी |
|---|---|---|---|---|---|
| १ | संघ तथा स्थानीय तह | विभिन्न | १७७३२५७.०२ | ५,६५,१७८ | मेडिगोल्ड इन्टरनेशनल प्रा.लि |
| २ | संघ तथा स्थानीय तह | विभिन्न | २२६०७३४.५० | ६,८०,४२४ | नयन मेडिको फर्मा |
| | **जम्मा** | | **४०,३३,९९१.५२** | **१२,४५,६०२** | |

सैद्धान्तिक बेरुजु

३२.२ पालिकाले प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाको कार्यक्रम निर्देशिका बमोजिम कार्यालयले खरिद गरेका औषधीमा ब्याच नं. तथा कम्तीमा १८ महिना म्याद भएका हुनुपर्ने उल्लेख छ । खरिद भएका मध्ये १८ महिना भन्दा कम म्याद भएका औषधीका केही उदाहरणहरु निम्नानुसारका रहेका छन् । अतः तोकिए अनुसार औषधी खरिद कारबाही गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

| सि.नं. | औषधीको नाम | म्याद समाप्त हुने मिति | कैफियत |
|---|---|---|---|
| १ | oxymetazoline | Mar24 | |
| २ | Atenolol 50 mg | july 24 | |
| ३ | Diazipam 5mg | mar24 | |
| ४ | lasortan 50 mg | may24 | |
| ५ | Mettormin | oct 24 | |

सैद्धान्तिक बेरुजु

३२.३ **न्यानो झोला -** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका विभिन्न ७ बर्थिङ सेन्टरमा गत वर्ष १०० थानको रू.८९,९९०।- र यस वर्ष १०० थान को रू.७९,७९९।- खरिद गरेकोमा १४८ महिला प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका गत विगतको समेत ७४ थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन। तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३२.४ **पारिश्रमिक आयकर -** आय कर, २०५८ को दफा ८७ अनुसार कर्मचारीलाई पारिश्रमिक भुक्तानी गर्दा पारिश्रमिक कर कट्टि गर्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार कर्मचारीको घटी कर कट्टी गरेको देखिएकोले संचीतकोष दाखिला गर्नु पर्ने रू.

| कर्मचारीको नाम | जम्मा आम्दानी | घटाउन पाउने | आय कर गणना योग्य | लाग्ने | घटि कर |
|---|---|---|---|---|---|
| मन्दिरा दाहाल | ८२३९३५ | १८९७८१ | ६३४१५४ | ३४१५४ | ३४१५ |
| निर्मला देवी दाहाल | ९१५६१५ | २४८५९७ | ६६७०१८ | ६७०१८ | ६७१८ |
| दुखी राउत | ८९६४१५ | २६९५९७ | ६२६८१८ | २६८१८ | २६८१ |
| विश्व राज दाहाल | ९०८४१५ | ३०४५९७ | ६०३८१८ | ३८१८ | ३८२ |
| **जम्मा** | | | | | १३१९६ |

| असुल गर्नुपर्ने | १३,१९६ |
|---|---|

३२.५ **अनुदानको अनुगमन -** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाबाट वितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३३ **लेखनशिप कार्यक्रम -** अतिरिक्त शैक्षिक क्रियाकलाप अन्तर्गत गो भौ २७७।२०७९।१०।१० बाट प्रत्येक वडामा १/१ र केन्द्रमा १ गरी जम्मा १० लेखनसिप कार्यक्रम वापत रू.२,१३,०००।- भुक्तानी गरेको छ। कुल १० लेखनसिप कार्यक्रम सञ्चालन गर्नु पर्ने गरी भुक्तानी भएकोमा ६७ जना सहभागी सहित २०७९।९।२१ मा पालिका केन्द्रमा मात्र

कार्यक्रम सञ्चालन भएको पुष्ट्याँई गर्ने विल भरपाई पेश भएको छ । प्रति कार्यक्रम रू.२१,३००।- हुने र एउटा कार्यक्रमको मात्र खर्च पुष्टि आधार पेश भएकोले बाँकी ९ कार्यक्रम सञ्चालन भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,९१,७०० |

३४ **उपभोक्ता अभिमुखिकरण -** गो. भौ. ९९।२०७९।७।१७ बाट उपभोक्ता अभिमुखिकरण कार्यक्रम वापत रू.४,०७,४३०।- खर्च लेखेको छ । मिती २०७९।५।२३ देखि २०७९।६।२ सम्म प्रत्येक वडामा १।१ कार्यक्रम गरी जम्मा ९ कार्यक्रम गरेको विवरण पेश भएकोमा १ दिने अभिमुखिकरण कार्यक्रममा प्रति दिन४ प्रशिक्षण कार्यको हिसावमा ३६ प्रशिक्षण कार्यका लागि मात्र खर्च लेख्नु पर्नेमा २६ जनालाई ६२ कक्षाको रू.६२,०००।- खर्च देखाएको छ । यसरी कार्यविधिले तोकेको भन्दा वढी २६ कक्षा प्रति रू.१,०००।- का दरले हुने रकम रू.२६,०००।- मा कर कट्टी पछिको रकम रू.२२,१००।- असुल हुनुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २२,१०० |

३५ **महिला उद्यमशिलता कार्यक्रम -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को दफा ३९.५ मा खर्च गर्दा विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले गो भौ ५२६।२०८०।२।३ बाट वडा न ५ मा २ महिने खाडी वुनाई तालिम सम्पन्न गरेको भनि कार्यक्रम रकम रू.३,००,०००।- खर्च गरेको छ। कार्यक्रम सञ्चालन गर्दा प्रशिक्षार्थिको छनौट, सहभागि विवरण, सहभागि हाजिरी, तालिम लिदाको समयमा उत्पादन भएका सामान उप उत्पादन, कार्यक्रम सुरुवात र सम्पन्नको झलक जस्ता कार्यक्रम सञ्चालनको पुष्टी गर्ने प्रमाण भुक्तानीसँग समावेश भएको देखिएन । कार्यक्रम सञ्चालन भएको पुष्टिहुने प्रमाण पेश गर्नु पर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,००,००० |

३६ **खेलकुद समिती -** पालिकाले निम्नानुसारखेलकुद कार्यक्रम सञ्चालनका लागि पालिका र वडा स्तरमा स्थायी संयन्त्र विकास गरेर कार्यक्रमहरु सञ्चालन गर्नुपर्नेमा बजेटमा व्यवस्था भएका खेलकुद कार्यक्रमहरु उपभोक्ता समिती मार्फत सञ्चालन भएको छ । उपभोक्ता समिती गठन गरी कार्यक्रम सञ्चालन हुँदा खेलकुदको दीर्घकालीन रुपमा विकास हुन सक्ने देखिदैन । खेलकुदको विकास गर्नको लागि स्थायी संयन्त्र मार्फत कार्यक्रम गराउनु पर्नेमा उपभोक्ता समिति मार्फत कार्यक्रम सञ्चालन गरेको नियमसम्मत नदेखिएको रू.

| गो भौ/कार्यक्रम विवरण | रकम |
|---|---|
| १५८।२०७९।९।६/मोली भलिवल खेल कार्यक्रम वडा न १ | ४००००० |
| १९८।२०७९।९।८/ धिमिले गाऊँ भलिवल प्रतियोगिता वडा न ५ | २००००० |
| ६७३।२०८०।३।१४/ रिनुवाल कप खेलकुद कार्यक्रम वडा न ३ | २२०००० |
| ६९७।२०८०।३।१७/ वल वहादुर राई व्याडमिन्टन प्रतियोगिता वडा न ५ | २३६००० |
| **जम्मा** | **१०५६०००** |

| | |
|---|---|
| अनियमित भएको | १०,५६,००० |

३७ **समानिकरण र ससर्त पुँजीगत उपभोक्ता समिति**

३७.१ पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । पालिकाले नगद लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

३७.२ **प्राविधिक बिल र कार्य सम्पन्न -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

३७.३ **मन्दिर तथा चर्च निर्माण -** पालिकाले यस वर्ष रू.३९,५०,०००।- मन्दिर र रू.१२,८४,०००।- सच्चाई तथा मण्डलीको निर्माण तथा मर्मतमा समेत रू.५२,३४,०००।०० विनियोजन गरी निम्नानुसार मन्दिरमा रू.३७,४२,४३६।- र सच्चाई तथा मण्डली रू.१२,८४,०००।- समेत कुल रू.५०,२६,४३६।- खर्च गरेको छ । पालिकामा आर्थिक वर्ष २०७९।८० मा प्राप्त भएको आन्तरिक आम्दानीको करिव ९१ प्रतिशत मन्दिर तथा सच्चाई र मण्डली निर्माण तथा मर्मतमा खर्च भएको देखिन्छ।(सुत्रवाट कार्यक्रम तथा खर्च खातावाट लेखिएको छ)

| क्र.सं. | विवरण | संख्या | बजेट रू. | खर्च रू. |
|---|---|---|---|---|
| १ | मन्दिर | २० स्थान | ३९५०००० | ३७४२४३६ |
| २ | सच्चाई तथा मण्डली | ४ स्थान | १२८४००० | १२८४००० |
| **जम्मा** | | | **५२३४०००** | **५०२६४३६** |

सैद्धान्तिक बेरुजु

३७.४ **झोलुङ्गे पुल -** गाल्मु झोलुङ्गे पूल (७० मिटर स्पान) निर्माण गर्न रू.६१,१०,४८७।७३ को लागत अनुमान तयार गरेकोमा स्टिल पार्टको लागि २०७९।९।१४ मा एस.के.ईन्जिनियरिङ्ग इण्डस्ट्रिजसँग रू.२१,८६,४५६।०१ मा सम्झौता भई

गाउँपालिका तथा संघीय समपुरकबाट खरिद भएको देखियो। गत वर्ष उपभोक्ता समितिलाई रू. ५,८८,२८२।- पेस्की भुक्तानी गरेकोमा यस वर्ष पुलको सामान हस्तान्तरण भई सम्पन्न भएको प्रमाण पेश भएको छैन। खरिद भएको पुलको हस्तान्तरण भई सामान जडान भएको प्रमाण पेश गर्नु पर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २१,८६,४५६ |

३८ **उपभोक्ता समिति**

३८.१ **सम्झौता कार्यान्वयन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ को उपनियम २क अनुसार निर्माण कार्यको हकमा आयोजनाको उद्देश्य अनुरुप सो निर्माण कार्य सामान्य प्रयोग वा सञ्चालनमा आएको, निर्माण व्यवसायीको अनुरोध भएको अवस्थामा कम्तीमा ९० प्रतिशत भौतिक प्रगति भएको निर्माण कार्यको कार्य स्वीकार प्रतिवेदन तयार गर्नु पर्ने उल्लेख छ । प्रदेश हस्तान्तरण तर्फ कार्यालयले निम्नानुसार कार्य सहित मानेभन्ज्याङ ३ को बौद्व दुधकोशी पर्यटकीय सडक निर्माणको लागि सम्वन्धित उपभोक्ता समितिसँग २०८०।१।२१ मा २०८०।३।२० सम्म सम्पन्न गर्नेगरी लागत अनुमान रू.४०,८३,८६९।३९को कार्यमा रू.५,८३,८६९।३९ लागत सहभागितामा हुने गरी सम्झौता भएको देखियो। उपभोक्ता समितिले हरबोट कन्स्ट्रक्सन प्रा.लि.(६०९७८६७७०), सिद्दिचरण २, ओखलढुङ्गाको मूल्य अभिवृद्धि कर समेत रू.२८,३७,९५७।४८ को विल तथा बाँकी डोर हजारी फाराम संलग्न गरी भुक्तानी माग गरेको आधारमा गोश्वारा भौचर नं. ४०।०८०।३।२४ वाट रू.२४,७७,४७३।०० भुक्तानी गरेको देखियो। निर्माण कार्यमा ड्राइस्टोन सोइलिङ्गको कार्य सम्झौता भन्दा वढी, ग्याविन वक्स तथा हार्ड रकको कार्य कम गरेकोमा सम्झौताको ७३.७३ प्रतिशतमै कार्य स्वीकार गरी सम्पन्न प्रतिवेदन दिएको सार्वजनिक खरिद नियमावली विपरित देखिएको रू.

| क्र.सं. | कामको विवरण | सम्झौता अनुसार | | | उपभोक्ता समितिले गरेको कार्य | | घटी काम | |
|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | दर | जम्मा | परिमाण | जम्मा | परिमाण | जम्मा |
| १ | **E/W in Roadway by using Machine (Cum)** | | | | | | | |
| a | Ordinary/Boulder mixed soil | १२८७३.१२ | ६६.८२ | ८६०१८१.८८ | १३४०२.२७ | ८९५५३९.६८ | ५२९.१५ | ३५३५७.८० |
| b | Ordinary/Medium Rock | १५४३.५८ | २००.४७ | ३०९४४१.४८ | १७४४.६० | ३४९७३९.९६ | २०१.०२ | ४०२९८.४८ |
| c | Hard Rock | ९६०.६८ | ११३८.५५ | १०९३७८२.२१ | ८३९.९५ | ९५६३२५.०७ | -१२०.७३ | -१३७४५७.१४ |
| २ | **Dry Stone Soiling Works** | **६७.६०** | **५७७१.८८** | **३९०१७९.०९** | **१४०.२७** | **८०९६२१.६१** | **७२.६७** | **४१९४४२.५२** |
| ३ | **Fabrication of Gabion boxes including rolling and weaving with gabion supply** | | | | | | | |
| a | Box Size 2*1*1m | ६०.०० | ५१९९.८७ | ३११९९२.२० | ०.०० | ०.०० | -६०.०० | -३११९९२.२० |
| b | Box Size 1.5*1*1m | ५०.०० | ३७८१.७२ | १८९०८६.०० | ०.०० | ०.०० | -५०.०० | -१८९०८६.०० |
| c | Packing and filling of gabion Create with rubble stone | १९५.०० | ४७६५.१९ | ९२९२१२.०५ | ०.०० | ०.०० | -१९५.०० | -९२९२१२.०५ |
| | जम्मा | | | ४०८३८७४.९१ | ` | **३०११२२६.३२** | | **-१०७२६४८.५९** |

| | |
|---|---|
| अनियमित भएको | २४,७७,४७३ |

३८.२ **जनसहभागिता -** पालिका भित्र कार्यान्वयन गर्ने योजना सम्पन्न गर्न लाग्ने लागत पूर्व निर्धारण गरी बजेट व्यवस्थापन गर्ने तथा उपभोक्तावाट सम्पादन हुने योजनामा प्रत्यक्ष सहभागिता सुनिश्चित हुने गरी निश्चित मापदण्ड तथा कार्यविधि तयार गरी कार्यक्रम कार्यान्वयन गर्नु पर्दछ। पालिकावाट निम्नानुसार कार्यक्रम सञ्चालन गरेकोमा बजेट अनुसार लागत अनुमान तयार गरी निर्माण कार्य गरेको र उपभोक्ताको सहभागितामा एकरुपता नहुनुका साथै प्रत्यक्ष नगद सहभागिता भएको नदेखिएका केही उदाहरण निम्न छन । निर्माण हुने संरचना लागत, ड्रइङ्ग, डिजाइन तथा खरिद विधि निर्धारण गरी उपभोक्तावाट सम्पादन हुने योजनामा प्रत्यक्ष सहभागिता सुनिश्चित हुने गरी निश्चित मापदण्ड तथा कार्यविधि तयार गरी कार्यक्रम कार्यान्वयन गर्नु पर्दछ। (केही उदाहरण)

| क्र.सं. | कार्यक्रमको नाम | कामको विवरण | बजेट रू. | लागत अनुमान रू. | जनशहभागिता | | खर्च रू. |
|---|---|---|---|---|---|---|---|
| | | | | | रकम | प्रतिशत | |
| १ | तरकारी संकलन केन्द्र | पिल्लरसम्म निर्माण | ८००००० | ८२७११९.९८ | ७७११० | ९.३२ | ७२०००० |
| २ | वौद्ध दुधकोशी पर्यटकीय सडक निर्माण | सडक स्तरोन्नती | ३५०००००० | ४०८३८६९.३९ | ५८३८६९ | १४.३० | २४७७४७३ |
| ३ | मोली खानेपानी योजना | खानेपानी | १०००००० | १०६८११८ | १०८११८ | १०.१२ | ९६०००० |
| ४ | उदयपुर कृषि सडक तारजाली | सडक जाली | ६००००० | ६७९८५६ | १०३८५६ | १५.२८ | ५७६००० |
| ५ | कृषि हाटवजार | भवन निर्माण | १०००००० | १०७७४५९ | ११७४४९ | १०.९० | ८४९९२८ |
| ६ | तल्लो रिचुवा खेलमैदान | मैदान निर्माण | १०००००० | १०६७८८५ | ११७४६७ | १०१०. | ९६०००० |
| ७ | लाफे खानेपानी योजना | संरचना निर्माण | १०००००० | १०७२५३१ | ११२५०९ | १०.५ | ९५३३३३ |

सैद्धान्तिक बेरुजु

३८.३ **उपभोक्ता समितिबाट भएका खानेपानीका योजना -** खानेपानी आयोजनाको ट्याङ्की निर्माण तथा मर्मत, नयाँ लाइन वितरण जस्ता निम्नानुसार कार्य उपभोक्ता समिति मार्फत भएको देखिन्छ । निम्नानुसार आयोजनाको ट्याङ्की निर्माण तथा मर्मत र नयाँ लाइन वितरण पछिको अवस्था, पानीको मुहान तथा निर्माण पश्चात खानेपानीको पहुँच सम्वन्धमा उपभोक्ता समितिका वैठकका निर्णय तथा सम्झौतामा खुलेको देखिएन । ट्याङ्की निर्माण तथा मर्मत, नयाँ लाइन वितरण लगायत कार्य गर्दा पानीको मुहान खुलाई पानी प्राप्त हुने तथा वितरण भई खर्चको उपयोग सुनिश्चितता हुनु पर्दछ । (केही उदाहरण निम्न छन्)

| क्र.सं. | आयोजनाको नाम | गोश्वारा भौचर नं. | उपभोक्ता समितिलाई भुक्तानी रकम |
|---|---|---|---|
| १ | मोलि खानेपानी योजना | ४२७।०८०।३।१८ | ९६०००० |
| २ | गहते खानेपानी योजना | ४२८।०८०।३।१८ | १२४८०० |
| ३ | पाताले साउने खानेपानी योजना | ४१५।०८०।३।१५ | १४४००० |
| ४ | लाफे खानेपानी योजना | ४०७।०८०।३।१३ | ९५३३३३ |
| ५ | साविक टोक्सेल वडा ३ र ४ खानेपानी योजना | ४०६।०८०।३।१२ | ३८४००० |

| | | | |
|---|---|---|---|
| ६ | खानेपानी पाईप खरिद वडा नं. ६ | ३१४।०८०।१।१७ | २४०००० |
| ७ | बालेथाम खानेपानी लिफ्टिङ योजना | ३५०।०८०।२।९ | १४४०००० |
| ८ | बालेथाम खानेपानी योजना मर्मत तथा पाइप खरिद | ४३०।०८०।३।१८ | ४९६००० |

सैद्धान्तिक बेरुजु

३९ **परामर्स तथा डीपीआर खर्च -** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।

| कार्य विवरण | परामर्शदाता | बजेट | लागत अनुमान | खर्च रकम | आयोजना लागत |
|---|---|---|---|---|---|
| व्याकुल माईला खेल मैदान | सेज ईन्जिनियरिङ्ग कन्सल्ट | ३००००० | २९३६२७ | २९३२३५ | ७८६२४५२१ |
| लेखटार पार्क निर्माण | सताव्दी ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रालि | ३००००० | २९९५५१ | २९६६२५ | ६९०२०६७२ |
| ग्रामिण सडक गुरुयोजना | कन्सेप्ट आर्किटेक्ट एण्ड डिजाईन्स प्रालि | १०००००० | १०००१३७ | ९९५००० | १८६७३८७०० |
| वडा कार्यालय भवन | लिफ्ट कन्सल्टेन्ट एण्ड कन्ष्टक्शन प्रालि | ७००००० | ७००००० | ६८९३०० | ७१४९००९१ |
| **जम्मा** | | **२३०००००** | **२२९३३१५** | **२२७४१६०** | **४०५८७३९८४** |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर. तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी प्राप्त अध्ययन प्रतिवेदनको अभिलेखिकरण व्यवस्थित गरी कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । हालसम्म अध्ययन भएका प्रतिवेदन कार्यान्वयन अवस्था निक्यौंल गरी अध्ययन भएका प्रतिवेदनको बजेट व्यवस्था भई कार्यान्वयन सुनिश्चितता हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४० **पुँजीगततर्फ**

४०.१ **प्रशासकीय भवन निर्माण -** संघीय सरकारको ६० प्रतिशत र गाउँपालिकाको ४० प्रतिशत लागत साझेदारीमा विवसइन्टरनेसनल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रालि, काठमाडौंसँग २०८०।९।५ भित्र रू.७,६९,३१,६४१।८७ मा सम्पन्न गर्ने गरी २०७८।९।६ मा प्रशासकीय भवन निर्माण सम्झौता भएको थियो। आर्थिक वर्ष २०७९।८० को अन्त्यसम्म सम्झौताको ५२ प्रतिशत रू.४,०२,४६,७६७।६९ भुक्तानी भएको देखियो । सम्झौताको ७५ प्रतिशत समय व्यतित भैसकेकोमा ५२ प्रतिशतको मात्र कार्य भएको र पेस्की समेत रू.१,०६,१७,०००।- बाँकी रहेको देखिन्छ । म्यादभित्र सम्पन्न गर्ने गरी सम्झौताको कार्यान्वयन हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४०.२ **मूल्य समायोजन -** सार्वजनिक खरिद ऐन, २०६३ अनुसार सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको विड डकुमेन्टको ढाँचामा वोलपत्र कागजात तयार गर्नु पर्ने र नियमावली, २०६४ को नियम ११९ र सम्झौता अनुसार मूल्य वृद्धि भुक्तानी गर्न सक्ने उल्लेख छ । गाउँपालिकाले निम्नानुसार प्रशासनिक भवन र मोलुङ्गखोला बालेथुम्का खानेपानी लिफ्टिङ्ग योजनामा मूल्य वृद्धिवापत रू.५५,५३,६४८।२९ भुक्तानी भएको छ । गाउँपालिकाको प्रशासनिक भवन तर्फ विड डकुमेन्टमा Equipment usage: "National Wholesale Price Index" - Machinery and Equipment" of Nepal Rastra Bank or "Fuel" Price fixed by Nepal Oil Corporation उल्लेख भएकोमा सम्झौताका विशेष सर्तमा फरक उल्लेख गरेको छ । त्यस्तै मोलुङ्गखोला बालेथुम्का खानेपानी लिफ्टिङ्ग योजनाको विड डकुमेन्टमा Equipment usage: "National Wholesale Price Index" - Machinery and Equipment" of Nepal Rastra Bank or "Fuel" Price fixed by Nepal Oil Corporation हुनु पर्नेमा फरक हुने गरी समावेश गरेको देखियो।तोकेको ढाँचामा विड डकुमेन्ट तयार गरी सोहि अनुसार भुक्तानी गर्नु पर्दछ।

| क्र.सं. | विवरण | सम्झौता | मूल्य समायोजन वापत भुक्तानी |
|---|---|---|---|
| १ | प्रशासनिक भवन | ७६९३१६४१.८७ | ४२९७४५३.२८ |
| २ | मोलुङ्गखोला बालेथुम्का खानेपानी लिफ्टिङ्ग योजना | ९२४३८६८५.२७ | १२५६१९५.०१ |
| | **जम्मा** | **१६९३७०३२७.१४** | **५५५३६४८.२९** |

सैद्धान्तिक बेरुजु

४०.३ **संघीय समपुरक अनुदान -** संघीय समपुरक अनुदान सम्वन्धी कार्यविधि, २०७५ अनुसार स्थानीय तहलाई कुल लागतको अधिकतम पचास प्रतिशतसम्म लागत साझेदारीमा आयोजना कार्यान्वयन गर्न सक्ने उल्लेख छ । कन्टिन्जेन्सी वाहेक रू. ९५,३५,५३३।७० (मूल्य अभिवृद्धिकर समेत) लागत अनुमान भएको घलेगाउँ केतुके खानेपानी योजना कार्यान्वयन गर्न स्थानीय तहको ५० प्रतिशत लागत साझेदारी हुने गरी संघीय समपुरकमा रू.६० लाख बजेट विनियोजन भएको छ । वातावरणिय प्रभाव मुल्याङ्कन तथा विस्तृत परियोजना प्रतिवेदन वेगर लागत अनुमान रू.९५,३५,५३३।७० को कार्य विद्युतिय वोलपत्र विधिवाट ठेक्का व्यवस्थापन गरी २०७९।१०।१६ मा सिमाना निर्माण सेवा प्रा.लि.सँग रू.७७,४५,२६४।६० मा निर्माण सम्झौता भएको र पुनः वचत भएको प्रतिस्पर्धात्मक लाभवाट लागत अनुमान रू.१९,६६,६५५।९३ को कार्य शिलवन्दी दरभाउपत्र विधिवाट ठेक्का व्यवस्थापन गरी २०८०।२।३२ मा रू.१९,५८,२२९।६४ मा सम्झौता गरी निर्माण कार्य सम्पन्न गरेको छ । वातावरणीय प्रभाव मुल्याङ्कन, विस्तृत परियोजना प्रतिवेदन तथा पुर्व प्रस्तावित र स्वीकृत कार्यक्रम वेगर प्राप्त बजेट कार्यान्वयन भई वचत भएको प्रतिश्पर्धात्मक लाभवाट थप कार्य गराएको र सो योजनाको सम्वन्धमा हालसम्म भएको काम खुल्ने एकीकृत नापी किताव समेत तयार भएको छैन । परीयोजना सम्पन्न गर्न लाग्ने लागत निर्धारण गरी वार्षिक कार्यक्रम अनुसार काम सम्पन्न गर्ने र परीयोजना कार्यन्वयन सम्वन्धमा एकीकृत नापी किताव तयार गरी सम्बन्धित लाभग्राही समुदायलाई योजना हस्तान्तरण गर्नु पर्दछ ।

| क्र.सं. | कार्यक्रम | लागत अनुमान रू. | कवोल रकम रू. | भुक्तानी | |
|---|---|---|---|---|---|
| | | | | संघतर्फ | स्थानीय तहतर्फ |
| | **घलेगाउँ केतुके खानेपानी योजना** | | | | |
| क. | MRM/NCB/GKKPY/05/079/80 २ वटा RVT निर्माण कार्य | ९५३५५३३.७० | ७७४५२६४.६० | ४८८०३५२.०० | २८५००००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ख. | MRM/NCB/GKKPY/08/079/80 २५ वटा धारा वितरण कार्य | १९६६६५५.९३ | १९५८२२९.६४ | ११११४३७४.०० | ८४३२९१.०० |
| | **जम्मा** | **११५०२१८९.६३** | **९७०३४९४.२४** | **५९९४७२६.००** | **३६९३२९१.००** |

सैद्धान्तिक बेरुजु

४०.४ संघीय समपुरक अनुदान सम्वन्धी कार्यविधि, २०७५ अनुसार स्थानीय तहको पचास प्रतिशत लागत साझेदारीमा घलेगाउँ केतुके खानेपानी योजना कार्यान्वयन भएकोमा संघवाट ६१.८७ प्रतिशत रू.५९,९४,७२६।- र स्थानीय तहवाट ३८.१३ प्रतिशत रू.३६,९३,२९१।- खर्च भुक्तानी गरेको देखिन्छ । कार्यविधि अनुसार घटी साझेदारी भएको संघीय सञ्चित कोष दाखिला हुनु पर्ने रू.

| प्रमाण पेश नगरेको | ११,५०,७१८ |
|---|---|

४०.५ कोशी प्रदेशको समपूरक अनुदान सम्वन्धी कार्यविधि, २०७५ को वुँदा नं. ४ अनुसार प्रदेशको वढीमा अनुदान ७० प्रतिशतसम्म उपलव्ध हुने, वुँदा नं. ७ अनुसार अनुदान प्रस्ताव पेश गर्ने, वुँदा नं. ८ अनुसार आवधिक योजनामा समावेश गर्नु पर्ने उल्लेख छ । यस वर्ष प्रदेशवाट पंखुखोला मोली खानेपानी लिफ्टिङ योजनामा रू.६० लाख र दुधकोशी हिलेपानी खानेपानी लिफ्टिङ्ग योजनामा रू.४० लाख समेत रू. १ करोड विनियोजन भएको छ । समपुरक अनुदानको भुक्तानी अभिलेख राखी लागत साझेदारी रकम निक्यौंल हुनु पर्नेमा सो अनुसार गरेको देखिएन । सम्झौता अनुसार साझेदारी रकम भुक्तानी भएको देखिने गरी समपुरक अनुदानको भुक्तानी अभिलेख राखु पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४०.६ **पंखुखोला मोली खानेपानी लिफ्टिङ योजना -** पंखुखोला मोली खानेपानी लिफ्टिङ योजना (८ रिजर्भ टयाङ्की, १ इन्टेक तथा वितरण समेतको संरचना निर्माण कार्य)को विस्तृत परीयोजना प्रतिवेदन अनुसार लागत रू.९,२८,७७,७१२।- (सिभिल वर्क रू. ७,४४,२१,२४३।९९) लाग्ने योजनाको कार्यान्वयनको लागि यस वर्ष प्रदेश तर्फ रू. ६० लाख र स्थानीय तहको रू. ४० लाख समेत रू. १ करोड विनियोजन भएको देखियो । योजना कार्यान्वयन तर्फ पालिकाले उपभोक्ता समिति मार्फत २०७८।७९ मा रू.५७,३४,६०००।- को कार्य गरेको र यस वर्ष निम्नानुसार ठेक्का नं. १।०७९।८० वाट लागत अनुमान रू.८४,२६,१९५।६६ तयार गरी उपभोक्ता समितिवाट भएको अधुरो २ र नयाँ २ रिजर्भ टयाङ्की र गार्ड हाउस निर्माणको लागि सिजनल इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन कन्सल्टेन्सी प्रा.लि.सँग २०७९।९।१४ मा रू.६७,९१,०५६।३९ को निर्माण सम्झौता गरी सम्पन्न भएको देखिन्छ । पहिलो ठेक्का व्यवस्थापनवाट वचत भएको र वाँकी बजेटवाट पुनः ठेक्का नं. ९।०७९।८० वाट १ नँया रिजर्भ टयाङ्की निर्माण गर्न रू.३६,५६,३८०।४७ को लागत अनुमान गरी रू.२७,७०,८१८।०९ मा नर्वदा कन्स्ट्रक्सन सेवा निर्माणसँग सम्झोता गरी सम्पन्न गरेको देखिन्छ । प्रदेश तथा स्थानीय तहवाट विनियोजन भएको वार्षिक बजेटवाट कम्तिमा ६ वर्षमा योजना सम्पन्न हुने देखिन्छ । निर्माण सम्पन्न हुनलाग्ने उल्लिखित अवधिमा सुरुमा निर्माण भएको संरचना तत्काल प्रयोगमा नआउने, मर्मत लागत थप हुँदै जाने र समयमा सेवा प्रवाह समेत हुन सक्ने देखिदैन । आवश्यक बजेट व्यवस्था गरी परीयोजनाको उद्देश्य प्राप्त हुनु पर्दछ ।

| क.सं. | कार्यक्रम | लागत अनुमान रू. | कवोल रकम रू. | सम्झौता मिति | कार्यसम्पन्न |
|---|---|---|---|---|---|
| क. | १।०७९।८० वाट उपभोक्ता समितिको २ बाँकी २ नयाँ आभिटी र गार्ड हाउस निर्माण | ८४२६१९५.६६ | ६७९१०५६.३९ | ०७९।९।१४ | ६५३८३९९.९७ |
| ख. | ९।०७९।८० वाट १ नयाँ आभिटी निर्माण | ३६५६३८०.४७ | २७७०८१८.०९ | ०८०।१।१३ | २६९०९६५.०० |
| | **जम्मा** | **१२०८२५७६.१३** | **९५६१८७४.४८** | | **९२२९३६४.९७** |

सैद्धान्तिक बेरुजु

४०.७ **लिफ्टिङ्ग योजना कार्यान्वयन -** पालिकाले आर्थिक वर्ष २०७९।८० भित्र सम्पन्न हुने गरी सम्झौता गरेको निम्न २ खानेपानी लिफ्टिङ्ग योजनाको सूरु म्याद २४ महिना समाप्त भै कार्यपालिकाको २०८०।४।१७ को निर्णयानुसार २०८१।३।१५ सम्म म्याद थप भएको छ । सूरु म्याद अवधि भित्र सम्झौताको ५० प्रतिशत भन्दा न्यून वित्तीय प्रगति भएको देखिएको छ। मोलुङ्गखोला वालेथुम्का खानेपानी लिफ्टिङ्ग योजनाको पेस्की रू. ५४,८४,४०२।- बाँकी रहेको देखिन्छ । सम्झौताको कार्यान्वयन गरी समयमा निर्माण कार्य सम्पन्न गराउनु पर्दछ ।

| क.सं. | कार्यक्रम | निर्माण व्यवसायी | सम्झौता मिति | सम्झौता रकम | हालसम्मको भुक्तानी | मूल्य समायोजन |
|---|---|---|---|---|---|---|
| १ | मोलुङ्गखोला वालेथुम्का खानेपानी लिफ्टिङ्ग योजना (पालिका पूँजिगत) | खानी स्वामीनारायण जेभि, वानेश्वर | ०७८।२।५ | ७९७३६७१३ (भेरीयसनसमेत) | ३४३३२९३९ | १२५६१९५ |
| २ | दुधकोशी हिलेपानी खानेपानी लिफ्टिङ्ग योजना (प्रदेश समपुरक) | पाराडइज इनोभेटिभ एम जेभि, ललितपुर | ०७८।५।१५ | २७५१७८३६ | १२७६२९९२ | १९९१८५३ |
| | **जम्मा** | | | **१०७२५४५४९** | **४७०९५९३१** | **३२४८०४८** |

सैद्धान्तिक बेरुजु

४१ **सामाजिक सुरक्षा कार्यक्रम -** सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन, २०७५ , सामाजिक सुरक्षा नियमावली, २०७६, विद्युतिय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता रणनिति, २०७४, सामाजिक सुरक्षा भत्ता वितरणको कार्यविधि २०७७ को प्रावधान वमोजिम गर्नुपर्ने व्यवस्था छ । पालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्ष नेपाल सरकारबाट रू.१०,३४,६२,५६०।- प्राप्त भएकोमा रू.९,९६,७६,९५५।- खर्च देखाई रू.३७,८५,६०५।- संघीय सञ्चित कोष फिर्ता गरेको आर्थिक विवरण पेश भएको छ। सामाजिक सुरक्षा भत्ता वितरणको कार्यविधि, २०७७ को बुँदा नं. २१ अनुसार सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वितरण भएको छ ।

सैद्धान्तिक बेरुजु

## अनुसूचीहरू

अनुसूची - १

### आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान: मानेभञ्ज्याङ गाउँपालिका, ओखलढुंगा , मानेभञ्ज्याङ गाउँपालिका , ओखलढुङ्गा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | छविलाल राई | २०७८-१२-६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | भोग बहादुर राई | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेस्की |
|---|---|---|---|---|---|
| १,१८४,९८७ | ६,९०२,९१३ | ११,१९३,५९२ | ० | १,१८०,००० | २,१९७,०५० |
| प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजु रू. | | | | | २२,६५८,५४२ |
| प्रारम्भिक प्रतिवेदन उपर फस्यौंट गरी संपरीक्षण भएको रकम रू. | | | | | ० |
| संपरीक्षणबाट थप भएको बेरुजु रू. | | | | | ० |
| लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजु रू. | | | | | २२,६५८,५४२ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ८९२९०७५८.६७ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३३७३६७००० | चालु खर्च | २८४५५५७८९.५८ |
| प्रदेश सरकारबाट अनुदान | २५२००७५० | पुँजीगत खर्च | १३४५०५०२२ |
| राजश्व बाँडफाँट | ७२४९२२००.८६ | वित्तीय/अन्य व्यवस्था | १५८४८१७६४.७३ |
| आन्तरिक आय | ५५३४८८०.८६ | | |
| अन्य आय | १२२३८६१६९.२४ | | |
| कुल आय | ५६२९८१०००.९६ | कुल खर्च | ५७७५४२५७६.३१ |
| बाँकी मौज्दात | | ७४७२९१८३.३२ | |